*प्रमुख व्यवस्थापक*
**विद्यासागर रञ्जित**
फोन: ४२५ ८९५५

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ४२५ ३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७ ५३७७

*सह-व्यवस्थापक*
**ध्रुवरत्न स्थापित**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोन: ४२५ ९४६६**

*प्रधान सम्पादक*
**भिक्षु अश्वघोष महास्थविर**
**४२५९११० (संघाराम विहार, ढल्को)**

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५ ९४६६

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५६
नेपाल सम्वत् ११३३
इस्वी सम्वत् २०१३
बिक्रम सम्वत् २०६९

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |



# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
## A Buddhist Monthly

**27th MARCH 2013**

| वर्ष- ३० | अङ्क- १२ | फागु पुन्हि | चैत्र २०६९ |
|---|---|---|---|





धेरै बोल्ने गर्दैमा धर्म धर कहलाइन्न। तर थोरै मात्र सुनेपनि तदनुसार आचरण गर्ने व्यक्तिलाई नै धर्मधर भनिन्छ। किनभने उ बेहोशी हुँदैन।

कपाल फुल्दैमा स्थविर हुँदैन। जसले धर्माचरण गर्दैन, उसको आयु परिपक्व भएपनि उसलाई व्यर्थै जीवन गुमाउने बुढो भनिनेछ।

जुन व्यक्तिमा सत्य, धर्म, अहिंसा, संयम र दमन आदि गुण हुन्छ, त्यस्तो व्यक्तिलाई निर्मल धीर पुरुष तथा स्थविर भनिन्छ।

ईर्ष्या र मात्सर्य युक्त शठ पुरुष वक्ता हुँदैमा र रूपवान हुँदैमा त्यसलाई असल व्यक्ति भनिन्दैन।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# भावना

कुशल धर्म उन्नति बृद्धि हुने असल चेतनालाई भावना भनिन्छ अर्थात् भावना भन्नु नै राम्रो उद्देश्य तर्फ चित्त एकाग्र गर्नु हो ।

प्राणीहरू दुई थरीका छन्– पशु र मानिस । पशु जातिले आफ्नो मनमा आउने इच्छालाई लज्जा र भय रहित चित्तले पूरा गर्न खोज्छ । तर मानिसमा नराम्रो कार्य गर्न लाज लाग्ने र समाजले के भन्ला भनी डर मान्ने स्वभाव हुने गर्छ । असल स्वभावको मानिसले समय र स्थानलाई ध्यानमा राखी राम्रो आचरण गर्दछ। सहनशील र अनुशासित बन्दछ। तर लज्जा र भय नहुँदा काम तृष्णा र लोभ तृष्णालाई डबाउन नसकी कतिपय मानिसहरूले पनि पशु सरहको व्यवहार गरी समाजमा विभिन्न आपराधिक कार्य गरिरहेका हुन्छन् । यस्ता कुप्रवृत्तिहरूले समाजमा अशान्ति मच्चाइरहेका हुन्छन् । उपरोक्त जघन्य अपराधमूलक कार्यहरू हुन नदिनका लागि बुद्ध शिक्षा अध्ययन र अभ्यास गर्न नितान्त आवश्यक हुन्छ। बुद्ध शिक्षा अनुसार मानिसहरूले इन्द्रिय संयम गर्ने, शील नियम पालन गरी ध्यान भावना गर्न अत्यावश्यक छ ।

ऐना हेर्दा आफ्नो रूप छर्लङ्ग देखे जस्तै ध्यान भावना गर्दा आफ्नो मनमा उठेका विषयहरूलाइ छर्लङ्ग देख्न सक्ने क्षमता प्राप्त हुन्छ । अर्को शब्दमा भन्ने हो भने आफ्नो गल्तीहरूलाई आफैले महसूस गरी आफूले आफैलाई चिन्न सक्ने क्षमता बढ्ने हुन्छ। जसले आफ्नो गल्तीलाई महसूस गर्न सक्नेछ, उसले आफूलाई सुधार्ने मौका पाउँछ । आफूबाट फेरि फेरि गल्ती नदोहोऱ्याउन मद्दत मिल्नेछ। यसरी चित्त शुद्ध गर्न सक्ने व्यक्तिको शरीरको रगत शुद्ध हुनेछ । रगत शुद्ध हुने व्यक्तिको रोग पनि कम हुन्छ। शरीर र मुखाकृति पनि तेजिलो हुनेछ। उक्त व्यक्तिको प्रभावकारी व्यक्तित्वको कारणले उ लोकप्रिय बन्न सक्नेछ ।

भगवान बुद्धको अनुयायीहरूको मुख्य लक्ष्य नै दुःखबाट मुक्त हुनु हो। अर्को भाषामा भन्ने हो भने निर्वाण सुख प्राप्त गर्नु हो । दुःखबाट मुक्ति प्राप्त गर्नको लागि लोभ, द्वेष र ईर्ष्या आदि क्लेश (दूषित चित्त) हरूलाई नाश गर्नु पर्दछ । क्लेश भनेको नै हाम्रो चित्तमा विद्यमान रहेका नकारात्मक भावनाहरू हुन् । यी नराम्रा भावनाहरूलाई नाश गर्ने चित्त संयम हुन आवश्यक छ। यसको लागि सधैं होशियार र सतर्क रहन आवश्यक छ । यसको लागि ध्यान भावनाको अभ्यास गर्न अत्यावश्यक छ।

भगवान बुद्ध भन्नुहुन्छ साधारण गृहस्थी जीवनमा शान्तपूर्वक जीविका चलाउन त्यति सजिलो छैन । किनभने सबै व्यक्तिको चित्त शुद्ध हुँदैन । धेरैजसो व्यक्तिको स्वार्थयुक्त चित्त हुने गर्छ । त्यस्ता स्वार्थी व्यक्तिसंग मिलेर जीविका गर्न कठिन अवश्य हुन्छ। तर त्यस्तो अवस्थामा पनि मनले सन्तोष भाव जगाई बस्नको लागि भगवान बुद्धले उपाय बताउनु भएको छ । त्यो उपाय हो मैत्री भावना ।

पालि साहित्यमा मैत्री भावनालाई यसरी व्याख्या गरिएको छ– अरूको हितोपकार गर्ने विचारले स्नेह र उपकार गर्ने कार्य नै मैत्री हो । अहित हुनबाट बचाउने, रक्षा गर्ने, अरूको हित र कल्याण होस् भनी प्रार्थना एवं चिन्तन गर्नु, कल्पना गर्नु पनि मैत्री नै हो ।

जसले मैत्री भावनाको अभ्यास गर्न सक्छ, उसले शान्तपूर्वक निदाउन सक्छ । सुखपूर्वक बिउँझन पाउँछ। निरोगी हुन सक्छ। आफैले अभ्यास गरी अनुभव गर्नुपर्ने कार्य हो यो । भगवान बुद्धलाई विरोध गर्ने व्यक्तिहरू धेरै थिए । तर उहाँको शुद्ध मैत्री व्यवहारले उनीहरूको विरोधी कार्य असफल भए । मैत्री भावना शान्तिको लागि औषधी हो ।

भगवान बुद्धले फेरि भन्नुहुन्छ- यदि मैत्री भावनाले काम आएन भने उपेक्षा भावना गर्न सके मात्र मनले शान्ति प्राप्त गर्न सक्नेछ ।

अट्टेरी र मिचाहा प्रवृत्तिका व्यक्तिको नराम्रो स्वभावलाई हेर्दै दिक्क मानी रिसाउनु भन्दा उसको त्यस व्यवहारप्रति प्रतिकृया नजनाई उपेक्षा भाव राखी तटस्थ भएर रहन सके धेरै राम्रो हुनेछ। एक आपसमा झैझगडा गरी अशान्ति मच्चाउनु भन्दा यो उत्तम तरिका हो ।



Downloaded from http://www.dhamma.digital

# अग्रउपासक अनाथपिण्डिक

✍ सत्यनारायण गोयन्का

भगवान बुद्धको जीवनकालमा श्रावस्तीमा रहेका सुमन श्रेष्ठीको घरमा अनाथपिण्डिकको जन्म भएको थियो । आमा-बुबाले उनको नाम सुदत्त राखेका थिए । पछि अनाथ तथा दीन दुःखीहरूलाई भोजन तथा वस्त्र दान दिने भएकाले उनको नाम अनाथपिण्डिक रहन गयो ।

एक समय अनाथपिण्डिक आफ्नो ससुरालीको नगर राजगृहमा गएका थिए । राजगृहका नगर श्रेष्ठीका साथ अनाथपिण्डिकको व्यापारिक सम्बन्धका साथ-साथै आत्मिक सम्बन्ध पनि थियो । दुवैमा एक अर्का प्रति अटुट स्नेह, विश्वास तथा आदरको भाव थियो । दुबैजना व्यापारिक सिलसिलामा एक अर्काको नगरमा आउने जाने भइरहन्थ्यो । राजगृहका नगर श्रेष्ठी आफ्नो व्यापारको लागि अथवा परिवारको कारण श्रावस्तीमा आउँदा अनाथपिण्डिकले उनको आतिथ्य, स्वागत सत्कार गर्नमा कुनै कसर छोड्दैनथे । त्यस्तै प्रकारले जब अनाथपिण्डिक राजगृह जान्थे तब नगर श्रेष्ठी टाढासम्म लिन आइपुग्थे । नोकर-चाकर तथा अन्य परिवारहरू हात जोडेर उनको सेवामा तल्लीन रहन्थे । अनाथपिण्डिक सबैका लागि आकर्षणको केन्द्र बनेको हुन्थ्यो । तर यस पटक भने यस्तो आगत भगत केही थिएन, नगर श्रेष्ठी पनि टाढासम्म आफै आएर लिन आएन । घर पुगेपछि पनि साधारण तरिकाले सञ्चो-बिसञ्चोको कुरा पछि अन्य काममा लागिहाले । मानौं उनको टाउकोमा ठूलो जिम्मा आइपरेको थियो, त्यसलाई पूरा गर्न तन-मन दिएर लागि परेका थिए । मानौं कुनै बृहत आयोजनाको तयारी हुँदै थियो । नोकर चाकरलाई काम अह्राउँदै थियो । उनीहरूले गरेको काम प्रति आफै निरीक्षण गर्दै थियो ता कि कुनै त्रुटि नहोस्, आयोजनाको सफलतामा कुनै कमी नहोस् । अवश्य पनि एकदम महान काम हुनलागेकोले नै आफू प्रति यस्तो बेवास्ता भईरहेको थियो होला यस्तो सोचेर त्यसको कारण थाहा पाउनका लागि उत्सुकता पूर्वक प्रश्न सोधे ।

"बन्धु, के तिम्रो घरमा कुनै भोज-भतेरको आयोजना हुँदैछ ? जसको कारण तिमी यस्तो व्यस्त छौ, अथवा कुनै महायज्ञ पो गर्न लागेका छौ, अथवा भोलि कतै महाराज बिम्बिसारलाई पो घरमा आमन्त्रित गरेका छौ, जसको तयारीका लागि यस्तो व्यस्त भईरहेकाछौ ?"

आफ्नो हितैषी भित्रको प्रश्नको उत्तर दिंदै नगर श्रेष्ठीले भने– "होइन, होइन न कुनै भोज-भतेर नै छ, न बृहत यज्ञ नै छ, न महाराज बिम्बिसारलाई निमन्त्रणा गरेको छु । भोलि त भगवान सम्यक सम्बुद्ध आफ्ना भिक्षु संघ सहित बिहानको भोजनको लागि यहाँ आउँदै हुनुहुन्छ । "बुद्ध" शब्द सुन्ने बित्तिकै आश्चर्य हुँदै लगातार प्रश्न गर्न थाले–

"श्रेष्ठी, के तिमीले 'बुद्ध' भनेका हौ ?"

"हो, अनाथपिण्डिकजी मैले बुद्ध नै भनेको हुँ ।"

"श्रेष्ठी, त्यसो भए के संसारमा बुद्ध उत्पन्न भएको छ ?"

"हो, अनाथपिण्डिकजी, संसारमा बुद्ध उत्पन्न भएको छ ।"

"श्रेष्ठी, के भन्दैछौ, भोलि बिहान विशाल भिक्षु-संघ सहित बुद्ध तिमी कहाँ भोजन गर्न पधार्नु हुन्छ ?"

"ठीक, हो अनाथपिण्डिकजी, यस्तै हो ।"

यस्तो जवाफ सुनेर अनाथपिण्डिकको मन र शरीर गद्गद् हुनथाल्यो । श्रावस्तीका धन कुबेर आर्श्चय मान्दै प्रश्न माथि प्रश्न गर्दै थिए । राजगृहका धनपति नगर श्रेष्ठी धनपाल आफ्नो मित्रको प्रश्नको उत्तर दिंदै थियो ।

अनाथपिण्डिकले आफ्नो पुरोहितहरूबाट सुनेका थिए कि संसारमा बुद्ध उत्पन्न हुनु अत्यन्त दुर्लभ छ । उनीहरूको धर्म शास्त्रमा यस कुराको स्पष्ट उल्लेख गरेको थियो कि कोही व्यक्तिको शरीरमा यदि महापुरुषमा हुनु पर्ने बत्तीस लक्षणहरू विद्यमान छन् र त्यो व्यक्ति गृहस्थ रहेमा शक्तिशाली, चक्रवर्ती सम्राट हुन्छ परन्तु गृहत्यागी भएमा ज्ञानसम्पन्न सम्यक सम्बुद्ध बन्दछ र अनेकौं मानिसहरूलाई भवविमुक्त हुने बाटो देखाउँदछ । यस्को लागि अनेकौं जन्मदेखि त्याग-तपस्या गर्दै पुण्य पारमिताहरू संचय गर्नुपर्ने हुन्छ, जुन सजिलो छैन । यस्तो व्यक्तिको जन्म कुनै कल्पमा कहिले कांही मात्र हुन्छ । त्यसैले अनाथपिण्डिकलाई संसारमा बुद्ध उत्पन्न भएको छ भन्ने कुरा विश्वास लागेन ।

विश्वास पनि कसरी नगर्ने ? राजगृहका श्रेष्ठीसंग केवल साला-भेनाको सम्बन्ध मात्र थिएन दुइजना एक आपसमा परम मित्र पनि थिए । यस विषयमा झूठो बोल्नु पनि त आवश्यक थिएन । कुराकानी गर्दा अनाथपिण्डिकले यो पनि थाहा पाए कि सम्यक-सम्बुद्ध भएका व्यक्ति कोशलदेशीय शाक्यवंशी राजकुमार सिद्धार्थ कुमार हुन् । जसले चक्रवर्ती सम्राट हुने प्रलोभनलाई त्यागेर घर-परिवार त्याग गरि बुद्धत्व प्राप्त गर्नका लागि कठिन तपस्या गरेका थिए । यी विधिहरू निरर्थक ठानेर मध्यम मार्ग अपनाई बुद्धत्व प्राप्त गरेका थिए । यस समय उनले आफ्ना एक हजार शिष्यहरू सहित तीनै जना काश्यप ऋषिहरूले यिनलाई आफ्नो आचार्य स्वीकार गरेका छन् । र आफ्ना शिष्यहरू सहित यिनको भिक्षु संघमा सम्मिलित भइसकेका छन् । अब केवल मगध, अंग र काशीमा



Downloaded from http://www.dhamma.digital

मात्र होइन अन्य राज्यमा पनि पूज्य छन् । यहाँका जनता यिनको शिष्य बनिसकेका छन् । यो कुनै साधारण कुरा थिएन ।

राजा विम्बिसारले गृहत्यागी राजकुमार सिद्धार्थलाई आफ्नो विशाल राज्यको भागीदार बन्नको लागि प्रस्ताव राखेका थिए, परन्तु असफल भए पछि बुद्धत्व प्राप्त भयो भने उनलाई र उनका प्रजालाई धर्म सिकाउनका लागि राजगृह आउनु पर्ने प्रतिवद्धता पनि जनाएका थिए । यसै वचनलाई निभाउनका लागि भगवान बुद्ध राजगृह आउनु भएको थियो । यहाँ उहाँको उपदेश सुनेर स्वयं राजा बिम्बिसार मात्र होइन राजगृहका श्रेष्ठी निगमपति सहित अनेकौं गण्यमान्य राज्य कर्मचारी, अधिकारी, ब्राह्मण-पुरोहित, सेठ-साहु सबै भगवानका श्रद्धालु अनुयायी बनिसकेका थिए ।

अनाथपिण्डिक एकजना अत्यन्त व्यवहार-कुशल अन्तराष्ट्रिय व्यवसायपति हुनुको कारण र उनी कोशल देशका राजधानी श्रावस्तीका नगर श्रेष्ठी हुनुको कारण उनलाई राम्ररी थाहा थियो प्रजाजन पनि त्यसै अनुसार चल्नुपर्थ्यो । राजा जसलाई धर्म गुरू मान्दथे जनता पनि उनैलाई धर्मगुरु मानेर देखावा गर्नु पर्दथ्यो । परन्तु यहाँ त यस्तो थिएन, यहाँ कुनै देखावती थिएन ।

नगर श्रेष्ठीसंग भएको कुराकानीबाट अनाथपिण्डिक आश्वस्त भइसकेको थियो कि संसारमा बुद्ध उत्पन्न भएको छ । बुद्ध त बुद्ध हो । उनले कुनै झूठो प्रचार गरेर आफूलाई बुद्ध घोषित गरेका थिएनन् । अनाथपिण्डिकका मित्र नगर श्रेष्ठी धनपाल महाराज बिम्बिसारलाई खुसी राख्नका लागि उनका आचार्यका श्रद्धालु शिष्य बनेका पनि होइनन् ।

गौतम बुद्ध साँच्चै बुद्ध हुन् । जो बुद्ध बनेका छन्, उनको दर्शन गर्नु अत्यन्त कल्याणकारी हुन्छ । त्यसैले अनाथपिण्डिकको मनमा यस्तो धर्म संवेग जाग्यो कि त्यही क्षण नै भगवानको दर्शन गर्न जाऊँ । आफू भित्र जागेको इच्छा आफ्नो मित्रका सामु व्यक्त गरे तब उनले त्यो समय उहाँसंग भेट्न अनुकूल नरहेको बताए । भगवान आफ्ना भिक्षु संघका साथ नगर भित्र होइन नगर बाहिर शीतवनमा विहार गरिरहनु भएको थियो, साँझ परिसकेको कारण नगरको ढोका बन्द गरिसकेको थियो । भोलि बिहान मात्रै ढोका खोलिनेछ, तब मात्र उहाँसंग भेट गर्न सकिने भयो । अथवा भोलि भोजनको लागि जब यहाँ आउनु हुन्छ तब भेट हुने भयो । भोलि सबेरै नगरको ढोका खोल्ने बित्तिकै भगवानको दर्शन गर्न शीतवन जाने निर्णय गरेर अनाथपिण्डिक खाटमा पल्टे । तर उनको आँखामा नींद कहाँ आउनु ? भगवान बुद्धको दर्शन गर्ने प्रबल इच्छा उनको मनमा दौडिरहेको थियो । नींद आईहाले पनि झट्टपट उठेर उज्यालो भई हाल्यो कि भनेर उ हेर्थ्यो । रातको गहिरो अँध्यारो देखे पछि फेरि सुत्थ्यो । यसरी चौथौं पटकमा त अँध्यारै भए पनि घरबाट एक्लै निस्के । मानौं कुनै चुम्बकीय शक्तिले उनलाई तानिएको छ । भगवानको दर्शन गर्ने इच्छा अत्यन्त प्रबल भईरहेको थियो ।

सूर्योदय हुन अझै समय बाँकि थियो । बाटो निक्कै अँध्यारो थियो । टाढाबाट आएको थोरै प्रकाशको सहारामा श्रेष्ठी अनाथपिण्डिक नगरको दक्षिण ढोका तर्फ गइरहेको थियो । त्यसै दिशा तर्फ नगर बाहिर शीतवन थियो । जहाँ भगवान् आफ्ना शिष्यहरू सहित विहार गरिरहनु भएको थियो । सूर्योदय हुनु अघि कुनै पनि दिशाको ढोका खोलिंदैनथ्यो । तर अनाथपिण्डिक जब दक्षिण ढोका पुगे त्यहाँ खुल्ला भएको पाए । ढोकाबाट छिरे पछि खुल्ला मैदानमा आइपुगे । त्यहाँ कुनै बत्ती थिएन । कहीं बाटोमा बत्तीका खम्बा थिएनन् । चारै तर्फ निर्विड अन्धकार थियो । शहरको यो दक्षिण ढोका मुर्दा ल्याउनका लागि थियो । त्यहाँ नजिकै श्मशान थियो । यस्तो अँध्यारोमा कता तिर लाग्ने कुनै पत्तो थिएन । भगवान कुन दिशामा विहार गरिरहनु भयो थाहा थिएन । चारै तिर श्मशानको सुनशान थियो । यस्तो अँध्यारोमा उनको मन काँप्न थाल्यो । डरले शरीरका रौं ठाडा भए, पसिना निस्किन लागे । उनलाई होश आयो कि अझै रात बितेको छैन, सूर्योदय हुन अझै बाँकी छ । नगरबाट बाहिर जाने उचित समय होइन । उनलाई फर्किने मन भयो । यत्तिकैमा आफ्नो अन्तर्मनको आवाज सुनियो ।

"अगाडि बढ, गृहपति । अगाडि जानु नै श्रयेस्कर छ, मंगलकारी छ, न फर्किनु, तिम्रो लागि यही सही हुनेछ ।"

यस्तो सुनेपछि अनाथपिण्डिक हिम्मत गर्दै फेरी अगाडि बढे । केही हिंडे पछि अन्धकार हट्दै गयो । अलि पर कोही व्यक्तिको अस्पष्ट आकृति देखा पऱ्यो । त्यो ब्यक्ति भगवान बुद्ध नै थियो । आफ्नो नित्य नियमको अनुसार सूर्योदय पूर्व खुल्ला जमीनमा चंक्रमण गरिरहनु भएको थियो । हिंड्दै ध्यान गरिरहनु भएको थियो । अनाथपिण्डिक नजिक पुग्ने बित्तिकै भगवान चंक्रमण गरिरहेको भूमि छोडेर तल झर्नु भयो त्यहाँ नजिकै बिछ्याएको आसनमा बस्नुभयो । उहाँले अनाथपिण्डिकलाई आमन्त्रित गर्दै भन्नुभयो– "आऊ, सुदत्त !"

भगवानको वाणीमा झरनाको कलकल आवाज थियो । बिजुलीको झैं चेतन प्रवाह थियो, अमृतको झैं मधुर मिठास थियो, शीतलता थियो । आवाज सुन्ने बित्तिक्कै अनाथपिण्डिकको सारा शरीर झनन् गऱ्यो । साँच्चै भगवान 'भगवान' हुन्, सम्यक-सम्बुद्ध हुन्, सर्वज्ञ हुन् त्यसैले नै भगवानले उनको नाम लिएर बोलाउँदै हुनुहुन्छ । सुदत्त उनको आमा-बुबाले राखेको नाम थियो । यो नाम मानिसहरूले धेरै अगाडि



Downloaded from http://www.dhamma.digital

बिर्सिदिए । अब त अनाथपिण्डिकको नामले नै प्रसिद्ध थियो । उनलाई यसै नामले मानिसहरू चिन्दथे । परन्तु भगवान उनलाई उनको आफ्नो नाम लिएर बोलाउँदै हुनुहुन्थ्यो । यस्तो सुनेर श्रेष्ठी झन भाव विभोर भए । उनका रौं ठाडा भए, हृदय प्रसन्नले गद्गद हुन थाल्यो । श्रद्धाले उनको आँखा रसाए । भगवानको सामु गएर चरणमा वन्दना गरे । भगवानको दर्शन पाएर उनी धन्य भए । अनेक जन्मको पूर्व पूण्य कर्म पाकिसकेको थियो । उनको मंगलको समय नजिकिदै थियो ।

श्रेष्ठी अनाथपिण्डिक मन्त्रमुग्ध भएर भगवानलाई एक-टकले हेरि रहेका थिए भने भगवान उनी माथि मंगल मैत्रीको अविरल वर्षा गर्दै हुनुहुन्थ्यो । केही क्षण पछि श्रेष्ठीले भगवानसंग प्रश्न गरे ।

"भन्ते भगवान आज राती सुखपूर्वक सुत्नु भयो ?"

भगवानले उत्तर दिंदै भन्नुभयो–

जसले यस जीवनमा परिपूर्ण रूपले नित्य, शाश्वत, ध्रुव, निर्वाणिक अवस्थाको साक्षात्कार गरेको हुन्छ अरहन्त भएको यस्तो व्यक्ति सही अर्थमा ब्राह्मण बन्दछ । यस्ता पापमुक्त व्यक्ति सदैव सुख पूर्वक सुत्दछ । यस्तो व्यक्ति सबै प्रकारका दोषहरूबाट मुक्त भएर काम-सन्तापबाट मुक्त हुन्छ । सबै प्रकारका आसक्तिहरू हटाई सर्वथा निर्भय बन्दछ । चित्तलाई उपशान्त गरेको व्यक्ति सदा सुखपूर्वक सुत्दछ ।

भगवानको यस्तो कुरा सुनेर श्रेष्ठी खुसीले गद्गद् भए । साँच्चै कसैको चित्त शान्तिले पूर्ण भएमा नै बुद्ध बन्दछ । जो बुद्ध बन्दछ उनले ती नै धार्मिक सद्गुणहरूलाई उपलब्ध गर्न सक्ने सही शिक्षा प्रदान गर्दछ । भगवानको सामु बसेर उहाँको चित्तको शितलताको स्वयं अनुभव गर्दै थियो । उनले खूब बुझिरहेका थिए कि यो कोही धनवान व्यक्तिलाई ठग्नका लागि ढोंगी गुरूको प्रवचन थिएन । भगवानको सामु बसेर आफूलाई धन्य भएको अनुभव गरिरहेका थिए ।

भगवानले श्रेष्ठी धर्म सुन्नका लागि आतुर भएको थाहा पाउनु भयो । अतः उहाँले धर्मको उपदेश दिनुभयो । धर्म सुन्ने व्यक्ति, श्रावक गृहस्थ हो, व्यापारी हो, धनवान छ, धन संचय गर्ने काममा लागेका छन् । गृहस्थ भएर धर्मपूर्वक, श्रमपूर्वक धन आर्जन गर्नुपर्छ । यसमा कुनै दोष छैन । कसैको सामु हात फैलाउनु ठीक छैन । तर जब धनको प्रति गहिरो आसक्ति हुन्छ आम्दानी केवल संचय गर्ने, उपयोग गर्ने सम्म मात्र सीमित रहन्छ र गृहस्थको आध्यात्मिक उन्नतिमा बाधक बन्दछ । त्यसैले आनुपूर्विक धर्म कथा भन्नुभयो र दान दिएर हुने पुण्यको बारेमा बुझाउनु भयो । परन्तु धन आर्जन गरेर आफ्नो आयको एक भाग जनहितको लागि दान दिएर यदि शील धर्म पालना गरेन भने सुखी हुन सक्दैन । उसले दुःखबाट विमुक्त हुने पहिलो खुड्किला नै प्राप्त गर्न सक्दैन । त्यसैले भगवानले शीलपालन गर्नु कति अनिवार्य छ भन्ने कुरा बुझाउनु भयो । शीलवान व्यक्ति यस जन्ममा त सुखी हुने नै भयो, मरण पछि पनि सद्गति पाउने हुन्छ । यसलाई स्पष्ट पार्नु हुँदै सद्गति दुर्गति कसरी प्राप्त हुन्छ भन्ने बुझाउनु भयो । त्यसपछि सँधै काम-भोगमा डुबेका गृहस्थको क्लेशले जीवनलाई कति हानि पुऱ्याउँछ र निष्काम हुनाले कति लाभ हुन्छ भन्ने कुरा बुझाउनु भयो ।

भगवानले परचित्त ज्ञानद्वारा थाहापाउनुभयो कि धर्मकथा ध्यानपूर्वक सुन्दा-सुन्दै श्रेष्ठी अनाथपिण्डिकको चित्त धर्मलाई गहिराई सम्म बुझ्न सक्ने भइसकेको थियो । धनवान गृहस्थमा भएको अहंकारको कठोरता पग्लिसकेको थियो, उनको चित्त अत्यन्त मृदुल भईसकेको थियो । उनको चित्तबाट कामाछन्द र व्यापाद हटिसकेको थियो । शारीरिक तथा मानसिक थकान मेटिसकेको थियो, अल्छीपन थिएन, उद्धिग्नता, निराश, क्षोभ तथा शंका-सन्देह आदि सबै निवरण-आवरण हटिसकेको थियो । उनको मन एकाग्र थियो, अचञ्चल थियो । श्रद्धासम्पन्न थियो, प्रसन्न थियो, निर्मल थियो र गम्भीर धर्म सुन्न इच्छुक थियो ।

उनको यस्तो अवस्था देखेर भगवानले उनलाई चार आर्यसत्यको देशना दिनुभयो जुन कोही सम्यक सम्बुद्धलाई प्राप्त गर्नका लागि अनिवार्य हुन्छ । यी चार आर्यसत्यलाई साक्षात्कार गरे पछि नै कोही व्यक्ति आफ्नो भवचक्रलाई दुर्बल बनाउँदै-बनाउँदै नितान्त रूपमा खतम गर्दछ । मुक्तिको श्रोतमा परेपछि पनि अभ्यास गर्दै-गर्दै अरहन्त अवस्था प्राप्त गर्दछ ।

भव बन्धनमा परेका दुःखी प्राणीहरूका लागि यही प्रासंगिक कुरा हो भव बन्धन दुःखदायी छ भने सत्यलाई स्वअनुभवद्वारा थाहा पाउनुपर्छ र यसको मूल कारण तृष्णा हो, आसक्ति हो जसले मृत्यु पछि नयाँ नयाँ जन्म दिएर दुःखद भवचक्रलाई निरन्तर चलाउँदछ । यस दुःख चक्रबाट नितान्त मुक्त गराउने आर्य अष्टाङ्गिक मार्ग हुन् । शील, समाधि र प्रज्ञाको यस मार्गको अभ्यास गर्दै गर्दै मुक्त अवस्था प्राप्त हुन्छ । सबै सम्यक सम्बुद्धहरूद्वारा यसै सत्यको खोजी गरेर मुक्त अवस्थासम्म पुगेका हुन् । शीलको पालना गर्दै-गर्दै चित्तलाई एकाग्र गरेर आफू भित्र नाम र रूपको अर्थात चित्त र शरीरको अनित्य धर्मलाई विपस्सना विधिद्वारा अनासक्त भावनाले हेर्दै-हेर्दै चित्तलाई विहीन बनाउँछ । पुनर्जन्म दिलाउने यी कर्म संस्कारहरू पूर्ण रूपले लक्ष गर्दै-गर्दै निरोध अवस्था साक्षात्कार गर्दछ । इन्द्रियातीत परम सत्यको साक्षात्कार गर्दछ ।



Downloaded from http://www.dhamma.digital

अनाथपिण्डिक विपुल व्यवसायी प्रतिष्ठानहरूका कुशल सञ्चालक थिए । उनमा उताउलोपन थिएन । निरर्थक भावुकताको स्थानमा यथार्थको जीवन जिउनु उनको लागि महत्वपूर्ण थियो । अतः दत्तचित्त भएर भगवानको उपदेशलाई सुनिरहेका थिए । अनेक जन्मको प्रभुत्त पारमिताका धनी थिए । अनेक पारमिताको बल नै शुद्ध धर्म सुन्ने र बुझ्ने काममा सहायक बनेको थियो । यसै पुण्य बलको कारण नै भगवानको उपदेश-सुन्दा सुन्दै उनको सारा शरीरमा सा-साना कणको लहरहरूको उदय-व्यय अनुभव हुन थाल्यो । अनित्य बोध प्रज्ञामा स्थिर हुन थाले । मुक्तिदायिनी समता पुष्ट हुन थाल्यो अनेकौं पूर्वजन्ममा आफ्नो पूण्य पारमितालाई पुष्ट गर्दै आफ्नो मनलाई पर्याप्त मात्रामा निर्मल गरेका थिए । अधोगतिमा जाने केही कर्म संस्कार बाँकी थियो, ती पनि विपस्सनाद्वारा क्षीण हुँदै गइरहेको थियो । अतः भगवानको उपदेश सुन्दा सुन्दै त्यही आसनमा बस्दा बस्दै भित्र धर्मचक्षु उत्पन्न भयो । सत्यको यथार्थ रूपलाई अनुभव गर्ने क्षमता प्राप्त भयो । उसलाई एकाएक निरोध अवस्थाको अनुभूति भयो । शरीर र चित्तको समुदय र ब्यय रूपी अनित्य धर्म स्वभावको अनुभव गर्दै-गर्दै तरंगातीत इन्द्रियातीत अवस्थाको अनुभव भयो । जति पनि समुदय धर्म छन् ती ब्ययधर्म छन् ती निरोध धर्म छन् । समुदय र ब्यय हुनु त्यसको स्वभाव हो परन्तु यी समुदय र ब्यय धर्मको जुन अनित्य धर्म क्षेत्र भन्दा अर्को पट्टि निर्वाणको नित्य धर्म क्षेत्र पनि छ । अनाथपिण्डिकले दुबै क्षेत्रको अनुभव गरे । यी दुबै क्षेत्रको स्वयंले दर्शन गरे । उनी स्रोतापन्न भए ।

अनाथपिण्डिकलाई धर्मको सत्यताको अनुभव भयो । अब सद्धर्मको प्रति संदेह रहेन । वाद-विवाद गर्नु पर्ने कुनै कारण रहेन भविष्यको लागि कुनै भय रहेन । उनी धर्मको यथार्थ धरतीमा उभिएर स्वतन्त्र भए । उसले भगवानको शिक्षाको महत्वलाई स्पष्ट बुझे । आफ्नो विकार शून्य चित्तले यस्तो शान्तिको अनुभव गरे जुन कुनै कर्मकाण्ड पूरा गरेर प्राप्त गरेका थिएन, न कुनै दार्शनकि मान्यतालाई अन्ध श्रद्धापूर्वक मानेर नै प्राप्त भएको थियो । उनी कृतज्ञता विभोर भएर बोले–

"भगवान, हजूरको शिक्षा कस्तो अद्भूत, कति श्रेष्ठ छ । कुनै उल्टो वस्तुलाई सुल्टो गरे जस्तो । ढाकिएकोलाई खोलिदिए जस्तो । बाटो भुलेकालाई सही मार्ग बताइदिए जस्तो । अन्धकारमा दियो बालिदिए जस्तो । भगवान, हजूरले धर्मको अनेक सत्य देखाईदिनु भयो, म धन्य भएँ । भगवान म भगवानको, धर्मको र भिक्षु संघको शरण ग्रहण गर्छु । भन्ते आजदेखि मलाई प्राण रहुञ्जेलसम्मका लागि आफ्नो श्रद्धालु उपासक स्वीकार गर्नुहोस् ।"

त्यसपछि श्रद्धाविभोर हुँदै भगवानसंग प्रार्थना गरे कि भिक्षु संघ सहित भोजनको लागि निमन्त्रणा स्वीकार गर्नुहोस् । आजको भोजन त उनको सालोको घरमा छ भोलिको लागि भगवान सहित समस्त भिक्षुगणलाई भोजनको लागि आमन्त्रण गरे । भगवानले मौन रहेर स्वीकार गर्नु भयो ।

अनाथपिण्डिक जब त्यहाँबाट फर्के उनको मन प्रसन्न थियो, प्रफुल्ल थियो । आज उनले भगवानको दर्शन गरे । नाम-रूपको दर्शन गरे अर्थात चित्त र शरीरको अनित्य स्वभाव धर्मको दर्शन गरे । उनको मानव जीवन सफल भयो । मन धन्यताले भऱ्यो । मंगल धर्मले भऱ्यो ।

*(साभार: "अनाथपिण्डिक" सन् २०१०, बि.वि.वि.)*

# धम्मपद – २५८

✍ **प्राज्ञ रीना तुलाधर (बनिया)**
*'परियत्ति सद्धम्म कोविद'*

**सन्तकायो सन्तवाचो – सन्तवा सुसमाहितो**
**वन्त लोकामिसो भिक्खु – उपसन्तो ति वुच्चति**

*अर्थ*– काय शान्त भएका, वचन शान्त भएका, मन शान्त भएका, ध्यानले युक्त भएका, सांसारिक भोग विलासलाई छोडेर गईसकेंका भिक्षुलाई उपशान्त भएका भिक्षु भनिन्छ ।

*घटना*– उपरोक्त गाथा भगवान बुद्धले जेतवन विहारमा बस्नु हुँदा शान्तकाय भन्ने स्थविरको कारणमा आज्ञा हुनु भएको थियो ।

बुद्धको समयमा शान्तकाय नामक एक भिक्षु थियो उनको शरीर, एकदम स्थिर तथा शान्त हुन्थ्यो । उनीले कहिले बसेको ठाउँमा हात खुट्टा हल्लाउने, शरीर तन्काउने, आलस्यपनमा जिउ बंग्याउने गर्दैनथ्यो । उनको स्थिर, अचल शरीर हुने देखेर अचम्म मान्दै एकदिन भिक्षुहरूले सोही कुरा भगवान बुद्धसँग भन्न गए– "भो शास्ता शान्तकाय जस्ता स्थविर त हामीले पहिले कहिल्यै देखेका छैनौं । यो भिक्षुले कहिल्यै बसेको ठाउँमा हात, खुट्टा, हल्लाउने शरीर बंग्याउने गरेको कहिल्यै देखिदैन ।

भिक्षुहरूको यस कुरालाई लिएर भगवान बुद्धले भन्नुभयो– "हे भिक्षुहरू शान्तकाय स्थविर जस्तै काय आदि शान्त दान्त भएर बस्नुपर्छ । यसरी आज्ञा भई भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । ❖



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास (द्वितीय भाग)–३

✍ के.श्री धम्मानन्द
*अनुवादक*- बरदेश मानन्धर

त्यसैले कुनै बाहिरिया स्रोतबाट मान्छेको रूपमा उसको उत्पत्ति भएको थियो भन्ने विश्वास गर्ने बौद्धहरूलाई कुनै कारण नै छैन । उनीहरू यो विश्वास गर्छन् कि उसको आफ्नो कार्यबाट नै ऊ आज यहाँ भएको हो । ऊ कसैद्वारा पनि दण्डित वा पुरस्कृत हुँदैन । बरू उसको आफ्नै असल वा खराब कार्यहरूबाट मात्रै हुन्छ । जीवहरूको विकास-क्रममा (Evolution) मानव रूपको शुरुवात भएको हो । यो संसार कसैले सृष्टि गरे को हो भन्ने कुरा जनाउने बुद्धले केही भन्नु भएको छैन । संसार-पद्धतिको क्रमिक विकासको वैज्ञानिक तथ्यले बुद्धको शिक्षालाई प्रमाणित गर्छ ।

*३. मानवीय कमजोरी र ईश्वरवादी धर्म*

ईश्वरवादी र जससँग सम्बन्धित सृष्टिको कथाहरूको संरक्षण एवं रक्षा ईश्वरवादी धर्महरूले गरेका छन् । जसको लागि यी धारणाहरू यी धर्महरूलाई आफ्नो अस्तित्व एवं मानव समाजमा यसको उपयोगिता प्रमाणित गर्न यस्ता धारणाहरू आवश्यक छन् । सबै ईश्वरवादी धर्महरूले आ-आफ्ना ग्रन्थलाई देववाणी भनेर दावी गर्छन् अर्को शब्दमा ती सबैले आफ्ना ग्रन्थहरू ईश्वरद्वारा सिंधै आएका भन्ने बताउँछन् । प्रत्येकले आफ्नो धर्म विश्वशान्ति, विश्वभाइचारा एवं अझ यस्तै उच्च आदर्शको लागि रहेको दावी गर्दछन् । धर्मको आदेश जतिसुकै ठूलो भएतापनि विश्व इतिहासले यही बताउँदछ कि अहिले सम्म पनि धर्मले अन्धविश्वास फैलाउनमा सघाउ पुऱ्याएका छन् । कोही कोहीले विज्ञान र ज्ञानको अभिबृद्धिको विरोध गरे जसले गर्दा झगडा, नराम्रो भावना, हत्या एवं लडाई शुरू भए । यस परिपेक्षमा ईश्वरवादी धर्महरू मानवता प्रकाश पार्ने (ज्ञान दिने) प्रयासमा असफल भएका छन् । उदाहरण स्वरुप कुनै कुनै देशहरूमा जब मान्छेहरू (ईश्वरसँग) दयाको लागि प्रार्थना गर्छन् उनीहरुको हातबाट निर्दोष जनावरको अझ कहिले काहिं आफ्नै मानव भित्रको घृणित बलिबाट रगताम्य भएका हुन्छन् । यी विचरा असहाय जीवहरूको हत्या काल्पनिक एवं अदृश्य देवताहरूको मन्दिरहरूमा गरिन्छन् । धर्मको नाममा गरिने निष्ठुर परम्पराको तुच्छतालाई बुझ्न मान्छेहरूलाई धेरै समय लागेको छ । विशुद्धिको सच्चा मार्ग त प्यार र समझदारी नै हो भन्ने कुरा उनीहरूले कहिले महशुस गर्छ होला ?

ईश्वरवादी धर्मको अर्को कमजोरी यही नै हो कि उनीहरू इश्वर विना मोक्ष पाउँदैन भन्छन् । कुनै मान्छे उच्चतम गुणहरूको शिखरसम्म पुगेको हुनसक्छ, र उसले शुद्धरूपले जीवन यापन गरेको हुनसक्छ तैपनि ऊ सदाको लागि नर्क जानु पर्ने हुन्छ । सिर्फ यतिको लागि हो कि उसले ईश्वरको अस्तित्वलाई स्वीकार गरेन अर्को तर्फ, कसैले अति पाप गरेको हुन सक्छ, तैपनि यसपछि एकपल्ट पश्चाताप गरे पछि उसलाई माफी दिनु सकिन्छ र ईश्वरको लागि उसलाई 'बचाईन्छ' । बौद्ध दृष्टिकोण अनुसार यस प्रकारको शिक्षा न्यायसँगत छैन ।

ईश्वरवादी धर्महरूको यस्ता कमजोरीहरूको बावजुद पनि ईश्वर रहित सिद्धान्तको प्रचार गर्नु उचित छैन । किनभने ईश्वर प्रतिको विश्वासले गर्दा मानवताप्रति ठूलो सेवा पुऱ्याएको छ खास गरी जहाँ देवताहरू प्रतिको विश्वास आवश्यक परे । ईश्वर प्रतिको विश्वासले गर्दा मान्छेलाई उसको पशु स्वभावको नियन्त्रण गर्न मद्दत गरेको छ । त्यस्तै ईश्वरको नाममा अरूको लागि त्यतिको धेरै सहयोग गरेका छन् । यसरी नै इश्वर प्रतिको विश्वास विना मान्छेले असुरक्षाको अनुभव गर्दछ । जब उसको मनमा यो विश्वास हुन्छ तब ऊ सुरक्षा र उत्साहले पूर्ण हुन्छ । यस्ता विश्वासको वास्तविकता वा वैधता उसको बुझ्ने क्षमता र आध्यात्मिक परिपक्वतामा निर्भर गर्दछ ।

धर्मको असफलताको मुख्य कारण मान्छेहरूलाई आफ्नो धर्मलाई एउटा पूजा गर्ने साधनको रूपमा मात्रै लिन लगाउनु हो । यसको मतलव-धर्मको एउटा अत्यावश्यक जीवन-पद्धतिको रुपलाई मृत प्राय र मात्र औपचारिकतामा सीमित राखिनु हो । जब कुन धर्मले यस्तो अवस्था आउन दिन्छ तब धर्म कुनै महत्वको



Downloaded from http://www.dhamma.digital

हुनबाट वञ्चित भएर वास्तवमा एउटा अवरोध भएको हुन्छ ।

तथापि यसको कारण धर्म होइन बरू ती व्यक्तिहरू जसले धर्मलाई सञ्चालन गर्छ र जसले आफ्नो धर्मप्रति अन्धश्रद्धाको माग गर्छन् (राख्न लगाउँछ) फेरी यस्तो अन्धश्रद्धाले एकै धर्म भित्र एवं धर्महरू बीच आफ्नो दल (मत) को भावना एवं अरू प्रकारका साम्प्रदायिक गलत भावना ल्याउँछ। यसरी धर्महरू आफ्ना उच्च आदर्शको बाबजुद पनि मानवतालाई ज्ञान दिनमा असफल रहेका छन् ।

धर्म हाम्रो व्यवहारिक जीवनसँग सम्बन्धित हुनुपर्छ । विश्वमा राम्रो आचरण गर्नेलाई मार्गदर्शनको रूपमा यसलाई प्रयोग गर्नुपर्छ । धर्मले हामीलाई के गर्नुपर्छ र के जान्नु पर्दछ भन्ने बताउँछ । यदि हामीले जो चाहिने हो त्यो गर्न जान्दैनौं र बुझ्दैनौं भने हाम्रो दैनिक जीवनमा धर्म कुनै महत्व र अर्थको हुँदैन ।

अर्कोतिर यदि विभिन्न धर्मका अनुयायीहरू झगडा गर्छन् र अरूको धर्मको विश्वास र प्रचलनलाई निन्दा गर्छन्। विशेषतः ईश्वर-अस्तित्व प्रमाणित वा अप्रमाणित गर्नमा र यदि उनीहरू फरक फरक धार्मिक दृष्टिकोणको कारणले अरु धर्मप्रति द्वेष र घृणाको भावना फैलाउँछन् भने तब तिनीहरू विभिन्न धार्मिक समुदायहरू बिच ठूलो खिँचातानी पैदा गरीरहेका छन् । जे जस्तो धार्मिक असमानता भए पनि सहनशीलता, धैर्यता एवं समझदारी पनाको अभ्यास गर्नु हाम्रो कर्तव्य हुन आउँदछ। हामीले स्वीकार गर्न नसकेतापनि अर्को मान्छेको धार्मिक विश्वासलाई सम्मान गर्नु हाम्रो कर्तव्य हो । सौहाद्रपूर्ण एवं शान्तिपूर्वक जीउनको लागि सहनशीलताको आवश्यक छ ।

*क्रमशः*

| धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना | | |
|---|---|---|
| *मिति* | *बुद्धपूजा* | *धर्मदेशना* |
| २०६९ फागुन १ गते | रमावती गुरुमां | रमावती गुरुमां |
| २०६९ फागुन ७ गते | वीर्यवती गुरुमां | वीर्यवती गुरुमां |
| २०६९ फागुन १४ गते | चमेली गुरुमां | चमेली गुरुमां |
| २०६९ फागुन २२ गते | रमावती गुरुमां | दानवती गुरुमां |
| २०६९ फागुन २८ गते | केशावती गुरुमां | केशावती गुरुमां |

# अल्पकालिन प्रव्रज्या शिविरमा प्राप्त भएको मेरो अनुभव

✍ **सितु स्थापित,** *वर्ष-११, कक्षा-५, असन, काठमाडौं*

२०६९ पौष २६ गते । अल्पकालिन ऋषिणी प्रव्रज्या शिविरमा भाग लिन म आएको छ दिन भयो । यहाँ आउन अघि यो सोचेर आएको थिएँ कि म धेरै राम्रो शिक्षा लिएर फर्किन्छु । हामीले जे सोच्यौं त्यही हुन्छ भन्ने पढेका छौं। मेरो पनि त्यस्तै भयो । मैले जे सोचको थिएँ त्यही भयो । मैले अहिले धेरै कुरा सिकिसकें । पहिला त मलाई गुरुमांले पञ्चाङ्ग वन्दना सिकाउनु भयो । पञ्चाङ्ग वन्दना भनेको दुईवटा गोडा दुईवटा हात र शिरले भुईमा छोइ गरिने प्रणाम हो । पहिलो दिनमा मैले ध्यान पनि सिकेको थिएँ । ध्यान गर्दा हामीले पलेटी कसेर, आँखा चिम्म गरी ढाड सीढा राख्नु पर्छ। हामीले हाम्रो मनलाई पेटमा लगेर फुलेको बेला फुल्यो फुल्यो भनेर मनमनै थाहा पाउनु पर्छ र सुकेको बेलामा सुक्यो सुक्यो भनेर मनमनै थाहा पाउनु पर्छ। मैले त्यो दिन बुद्ध जीवनी पनि पढें। त्यति वेला भन्तेले हामीलाई बुद्धको जन्म र उहाँको जीवन कसरी बित्यो भन्ने विषयमा बताउनु भयो ।

अर्को दिनमा मैले अष्टशील पालना गर्नु पर्छ भनेर सिकैं। अष्टशील भनेको आठ वटा नियमहरू हुन्। त्यसमा आठओटा नियमहरू पर्छन् । तिनीहरूः–

१) प्राणी हिंसा नगर्ने। २) चोरी नगर्ने। ३) ब्रह्मचारी नियम पालन गर्ने । ४) झूठा कुरा नगर्ने । ५) जाँड रक्सी नपिउने । ६) दिउँसो बाह्र बजे पछि खान नहुने । ७) नाच गान नगर्ने । ८) विलासी र अग्ला ओछ्यानहरूमा नसुत्ने

अर्को दिन मैले खाँदा खेरि बेसोमती तरिकाले आवाज निकालेर खान हुन्न भनेर सिकें । हामीले खाना खाँदा चम्चाको आवाज ननिकाल्ने । अनि दूध, चिया आदि तातो चीज पिउँदा पनि आवाज ननिकाल्ने । अनि हामीले तीन ठाउँमा कुरा गर्नु हुँदैन। त्यो हो धम्म हलमा, खाने बेलामा र शौचालयमा हल्ला गर्नु हुँदैन । मैले त्यो दिन पनि धेरै कुरा सिकैं । अर्को दिन मैले आमाबुबाको चित्त दुखाउनु हुँदैन र आमाबुबालाई मद्दत गर्नु पर्छ भन्ने शिक्षा सिकैं। हामीले आमाबुबा प्रति आज्ञाकारी बन्नु पर्छ भन्ने पनि सिकें । त्यो दिन हामीले कागजको सामानले पनि केही वस्तु बनायौं । त्यो गर्दा मलाई असाध्यै रमाइलो लाग्यो ।

मैले चतुआर्य सत्यको बारेमा केही ज्ञानबारे जानकारी पाएँ। अनि अहिले मैले यो लेखिरहेको छु। यसरी मैले रत्न विपश्यना विहारमा आएर धेरै कुरा सिकैं। धन्यवाद ।

*"धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले आयोजना गरेको अल्पकालिन श्रामणेर एवं ऋषिणी प्रव्रज्या कार्यक्रम (रत्न विपश्यना विहार) मा सहभागी बालिकाले लेखेको अनुभव ।"*



Downloaded from http://www.dhamma.digital

# मीठो खानाको लोभले भिक्षु बनेको मानिस–२

✍ भिक्षु अश्वघोष

**"मेरो छोरीसंग झगडा परेर ज्वाइँ घरबाट निस्केको होला ।"**

यति सोची उनी पनि छोरीको घरभित्र पसिन् । घरमा जाँदा उनीले पनि आफ्नी छोरी घिनलाग्दो रूप लिई लम्पसार परेर सुतिरहेकी देखिन् । यो दृष्य देख्ने बित्तिकै आमा चाहिँले ज्वाइँले छोरी त्यागेर गएको कारण थाहा पाइन् । त्यसैले उनीले सुतिरहेकी छोरीलाई गाली गर्दै भन्न थालिन् –

"छोरी ! उठ् । तिमी यसरी घिनलाग्दो तरिकाले सुतिरहेकी देखेर ज्वाइँले तिमीलाई छोडेर भिक्षु बन्न गइसक्यो ।"

यो कुरा सुनी छोरीचाहिँले भनिन्–

"चुप लाग्नुस् आमा ! त्यो मान्छेको के ठेगान ? कति दिन नै भिक्षु भएर बस्न सक्छ र मलाई त्यागेर ? दुई तीन दिन पछि नै मलाई सम्झी फेरि घर फर्किहाल्छ नि ।"

चित्तहत्थले भित्री मनबाट नै अनित्य, दुःख र अनात्म त्रिलक्षण स्वभावलाई बुझी घर त्यागेर गएको कारणले उ बाटोमा नै स्रोतापन्न भइ सकेको रहेछ । यसरी उ निर्वाण मार्गको पहिलो खुडकिलो चढ्न सफल भइसकेको रहेछ । विहारमा पुगी भिक्षुहरू समक्ष भिक्षु बनाइदिन आग्रह गर्न थाल्यो । तर भिक्षुहरूले उसलाई भिक्षु बनाइदिन मान्नु भएन । उसको चञ्चल स्वभावलाई भिक्षु जीवन काम लाग्दैन भनी उसलाई भिक्षु नबनाउने विचार गरिसकेको रहेछ ।

तर चित्तहत्थले धेरै पटक अनुरोध गरेपछि भिक्षुहरूले उसलाई फेरि भिक्षु बनाइदिनु भयो । सातौं पटकमा भिक्षु भएपछि चित्तहत्थले आफ्नो मनमा लुकेर बसेका बाँकी रहेका क्लेशहरू सबै सफा गरेर निर्मूल पार्न सफल भए । त्यसैले उ अरहन्त भए ।

केहि दिनपछि भिक्षुहरूले चित्तहत्थलाई यसरी प्रश्न गर्न पुगेछ –

"तिमीलाई अहिले तिम्री श्रीमतीको सम्झना आएको छैन ? घर फर्कने समय आएको छैन ?" आदि आदि ।

ती भिक्षुहरूको प्रश्न सुनी भिक्षु चित्तहत्थले यसरी उत्तर दियो–

"म पहिले जस्तो व्यक्ति नठान । म अहिले सांसारिक बन्धनबाट मुक्त भइसकेको छु । घरमा बारम्बार फर्केर जान मनलाग्ने डोरीलाई मैले काटि सकें ।"

भिक्षु चित्तहत्थको कुरा सुनी अरू भिक्षुहरू अकमकिए । उनीहरू भगवान बुद्ध समक्ष पुगी भन्न गए–

"भन्ते ! चित्तहत्थ भिक्षुले आफु अरहन्त भइसकेको घोषणा गर्दै झूठो कुरा गरिरहेको छ ।" चित्तहत्थलाई भिक्षुहरूबाट यस्तो आरोप सुन्नुभएपछि भगवान् बुद्धले उनीहरूलाई यसरी भन्नुभयो –

"भिक्षुहरू ! चित्तहत्थको चित्त पहिला त चञ्चल थियो । अज्ञानता र धर्मज्ञानको अभाव थियो उसमा । तर अब उ पहिला जस्तो अज्ञानी छैन । अब उ बोध भइसक्यो । उसमा पुण्यफलको आशा र पापकर्म गर्ने चेतना बाकी रहेको छैन । उ अरहन्त र निष्कलंक व्यक्ति भइसकेको छ ।" ❖ *(साभार- 'सिंहली सद्धर्मसागर')*

## ध्यानकुटी मैत्री बाल आश्रमलाई सहयोग

१) Mrs.Karen Blackledge/Mike Blackledge, America $ 100.00
२) Mrs. Taj Aoki, America $ 100.00
३) Mrs. Amie Madaskey, America $ 100.00
४) जनक माया रंजित, छाउनी रु. १०००/– स्व. बुबा हर्ष नारायण रंजित, स्व. आमा नानी मैंया रंजितको पुण्यस्मृतिमा ।
५) ज्ञान देवी साह, छाउनी रु. १०००/–
६) श्रीमती पूर्णहेरा तुलाधर, कमलादी– रु. १०००/– स्व. पिता कुलमान बनिया, स्व. आमा लक्ष्मी हिरा बनियाको पुण्यस्मृतिमा ।
७) केश चन्द्र शाक्य, बनेपा रु. ५००/–
८) स्व. रत्नदेवी मानन्धरको पूण्यस्मृतिमा रु. ५००/–

✿ **आजीवन वार्षिक भोजन प्रदान गर्ने दाताहरू :**

९) सुरेश लाल श्रेष्ठ, सुलोचना श्रेष्ठ, करूणा मार्ग, बनेपा–५, आफ्नो जन्म दिनको उपलक्ष्यमा रु. १५,५५५/–
१०) रवी श्रेष्ठ, दछुटोल, बनेपा-५ बाट स्व. माता लक्ष्मीदेवी श्रेष्ठको पुण्यस्मृतिमा रु. १५,०००/–



Downloaded from http://www.dhamma.digital

# राग विराग र वीतराग

✍ नरेन्द्रनाथ भट्टराई

कुनै पनि काम, कुरा पदार्थ प्रति इच्छा हुनु, त्यसप्रति लालायित हुनु तथा त्यसको प्राप्तिको लागि लागिपर्नु राग हो । रागबाट नै संसार रूपी जालो बन्दछ र रागी पुरूष त्यही जालोमा जेलिएर दुःख पाउँदै जन्म मरणको चक्कामा परिरहन्छ । विराग भनेको वैराग्य हो । सांसारिक काम कुरा प्रति निरर्थकताको बोध भएर अनिच्छा पैदा हुनु वैराग्य हो । वीतराग भनेको बुद्धत्वको अवस्था हो राग, विराग र वीतराग यी तीन अवस्थालाई संसार सन्यास र मोक्षको अवस्था पनि भनिन्छ । राग भइन्जेल संसार, विराग भएपछि सन्यास, राग, विराग दुबै हटेपछि मोक्ष ।

स्त्री लम्पट कालीदासलाई आफ्नै स्त्रीका वचनले वैरागी बनाई दियो । कामाशक्त सुरदासलाई बेश्याको उपदेशले वैरागी बनाई दियो । श्रृङ्गार रसमा डुबेका राजा भर्तृहरीलाई आफ्नी प्राण प्यारी रानी पिङ्गलाको चरित्र देख्दा वैराग्य उत्पन्न भयो । सांसारिक भोग विलासमा ढाकेर राखिएका गौतमलाई रोगी, बृद्धावस्था र मृत्यु देख्दा नैराश्य उत्पन्न भयो भने पद लोलुप राजा मुन्जलाई भोजले लेखेका पंक्ति सुन्दा सुन्दै वैराग्य घटित भयो ।

युवराज भोज पाँच वर्षको उमेर पुग्दा उनको पिताजीको मृत्यु भयो । भोजलाई षडयन्त्र गरी भोजका काका मुन्ज राजगद्दीमा बसे । भोजलाई जिउँदै राख्यो भनेपछि आफू प्रति खतरा आउने छ भन्ठानी काकाले आफ्ना केही मानिस लगाई भोजलाई जङ्गलमा लगेर काट्न आदेश दिए । भोजलाई अनकण्टार जङ्गलमा लगियो काट्नु अघि काट्न आउने मानिसहरूले युवराज भोजलाई तिम्रो अन्तिम इच्छा वा खबर केही छ भने भन राजाले तिमीलाई काटेर आउनु भनेका छन् भने । भोजले नगिचैको एउटा काँडाले आफ्नो हातमा घाउ पारेर रगत निकालेर त्यही काँडाले रूखको पातमा यस्तो लेखेर ती मार्न आउनेलाई दिए ।

**"मान्धाता च महीपतिः कृतयुगेलङ्कार भूतो गतः**
**सेतुर्येन महोदधौ विरचितः क्वासौ दशास्यान्तकः**
**अन्येचापि युधिष्ठिरप्रभृतयौ याता दिवं भूपते ?**
**नै के नापि समगता बसुमती मुन्ज ? त्वया यास्यति"**

*अर्थात्*– "सत्ययुगका लङ्कार मानिएका महान राजा मान्धाता मरेर एक्लै गए । समुद्रमा पुल समेत बाँध्न सक्ने तथा रावण जस्तो पराक्रमी राजालाई पनि मार्ने महान राजा राम पनि थिए । युधिष्ठिरहरू जस्ता ठूला ठूला कैयौं अरू राजाहरू पनि खालि हात मरेर गए । तर हे राजा मुन्ज ! यो तिमीले लिएको राज्य चाहिं तिमी मर्दा तिम्रो साथमा जाने भइछन् ।"

यो सद्वचनको असर ती मार्न आउने मानिसमा पनि पर्‍यो तिनले युवराज भोजलाई मार्न सकेनन् । भोजलाई कहीं लुकाएर दरवार फर्किएर युवराजलाई मार्‍यौं भने । मुन्जले खुसी हुँदै अन्त्यमा के भन्थ्यो भनी सोध्दा युवराज भोजले आफ्नै अङ्ग काटेर रगतले लेखेको यो पत्र पढ्नुस् भनी दिए । राजा मुन्जले पत्र पढे, पढ्दै गए दोहर्‍याए तेहोर्‍याए । सत्यको झिल्कोले पोल्न थाल्यो । उनको अज्ञान त्यो सत्य सन्देशले पूर्ण रूपले डढाई दियो । उनी ब्यूँझे । पछुताउन लागे । हा भोज ! हा भोज !" भनेर कराउन थाले । उनमा प्रगाढ वैराग्य उदय भयो राजपाट छोडेर सन्यास भएर जंगल पसे । "जो पाशोमा बाँधिएर रहन्छ, त्यसैलाई पशु भनिन्छ । धन र पदको पाशो सबैभन्दा कडा पाशो हो काम, क्रोध, मोह र अहंकार यी पाँच वटा पाशोले आज धेरै मानिस बाँधिएका छन् । यी पाँचवटा पाशोलाई त्याग्न सक्नेले नै सही रूपले पञ्चबली गरेको हुन्छ । निरिह जन्तु, राँगा, बोका, हाँस, कुखुरा, भेंडा मार्नु पञ्चबली होइन हिंसा हो ।" ❖ *(परमात्माको दर्शन, दोश्रो खण्ड)*

## सूचना ! सूचना !! सूचना !!!

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया वार्षिक भेला व साधारण सभा शाक्यमुनिकीर्ति विहार, सतुंगलय् २०६९ चैत्र १७ गते, शनिवार खुन्हु जुइगु जुल । सकल सदस्यपिंत इलय् स्वापू तयेत इनाप याना । नापं सदस्यता नवीकरण यायेत नं इनाप याना ।

सचिव
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार, फोन ल्या ४२५९४६६**
**शाक्यमुनिकीर्ति विहार, फोन ल्या ४३१६६३९**



Downloaded from http://www.dhamma.digital

# नेपालमा बुद्ध धर्म

✍ शुभरत्न शाक्य

हिमाल, पहाड, नदीनाला, भज्याङ्ग, चौताराको देश नेपाल एक अद्भूत प्राकृतिक, सामाजिक, धार्मिक, विषमता, विषमता भित्र एकता भएको देश हो । यहाँका जनताहरू बहुल जाति, भाषा, धर्म, संस्कृति भएका नेपालीहरू हुन् । नेपाल एक धर्म निरपेक्ष राष्ट्र हो । यहाँको राज्यले कुनै एक धर्मलाई मात्र मान्यता नदिई सबै धर्मलाई समान अधिकार दिएको छ । धर्म निरपेक्ष भनेको राज्य सरकारले धर्मको सन्दर्भमा कुनै पनि सम्प्रदायको पक्ष विपक्ष नभएर सबैलाई समान रूपमा हक अधिकार दिएको हुन्छ ।

थाइल्याण्ड, बर्मा, श्रीलंका जस्ता राष्ट्रहरूमा थेरवाद बुद्ध धर्मलाई मात्र अंगालेको छ । जापान, चीनमा महायान र बज्रयानलाई अंगालेको छ। कुनै देशमा थेरवाद मात्र कुनैमा महायान मात्रै तर नेपाल विश्व मै एक मात्र राष्ट्र हो, जहाँ थेरवाद, महायान र बज्रयान यी तीनै ओटा सम्प्रदायको समान अस्तित्व छ। त्यस्तै धर्मोदय सभा भन्ने एक बौद्ध जागरणको बहुआयामिक धार्मिक संस्थामा थेरवाद, महायान र बज्रयान यी तिनै सम्प्रदायका धर्म गुरुहरूले पालैपालो अध्यक्ष बनेर धर्म प्रचार गर्ने सुअवसर पाइरहेका छन्। यसरी धार्मिक सहिष्णुतापुर्ण विधि व्यवहारले ओत प्रोत तीनै सम्प्रदायका धर्मावलम्बिहरू स्वतन्त्र रूपले स्वतन्त्र चिन्तन गर्दै आफूलाई मनपर्ने बुद्ध धर्म अंगाल्दै आएका छन् । हालसालै लुम्बनी विश्व विद्यालय अन्तर्गत ५ वटा क्याम्पसहरूले बुद्ध धर्ममा M.A. स्तरको अध्ययन अध्यापन गराउँदै लानु अझ महत्त्वपूर्ण झलक देख्न पाइन्छ ।

थेरवाद सम्प्रदायका कुशल कर्म संचय गर्दै लाने, सुत्त पाठ गर्ने, परित्राण गर्ने, त्रिपिटक अध्ययन गर्ने, सतिपट्ठान विपस्सना ध्यान भावना गर्ने, पालि मागध भाषाको अध्ययन अध्यापन गर्ने क्रियाकलापहरू भैरहेको देख्न पाइन्छ । फेरी अर्को महायान सम्प्रदायमा स्वयम्भू नाथ बौद्ध नाथ परिसरमा परिक्रमा गर्ने मन्त्र जप गर्ने, बोधिसत्व उपोसथ ब्रतमा बस्ने, ध्यान भावना अभ्यास गर्ने, बुद्ध धर्म सम्बन्धी सम्पुर्ण शास्त्रहरू अध्ययन गर्दै वाद विवाद गरेर शास्त्रार्थ गर्न सिक्ने धर्म सम्बन्धी शङ्का निवारण गर्ने तथा ठूला ठूला पूजाहरू गर्ने गर्दछन्। त्यस्तै बज्रयानी सम्प्रदायमा जन्म मृत्यु संस्कारहरूमा ब्रतबन्ध गराउने, मृत्यु पश्चात कर्मकाण्ड गर्ने, ठूल ठूलो पूजा पाठ गर्ने, नामसङ्गति पाठ गर्ने, बुद्ध धर्म सम्बन्धी गहन अध्ययन, अध्यापन, ध्यान साधना गर्ने, पूजाहरू गर्ने कामहरू भइरहेको देखिन्छ ।

विश्व मै नेपाल मात्र एक यस्तो राज्य हो । जहाँ थेरवाद, महायान र बज्रयान यी तीनै ओटा बुद्ध धर्म समान रूपले आ-आफ्नो अस्तित्व निर्माण कायम गर्न सफल भएको छ। बुद्ध धर्ममा थेरवाद र महासाङ्घिक भनेर दोश्रो संगायनामा विभाजन भएको हो। तथापि थेरवाद जस्तै महासाङ्घिकहरूले पनि मुख्य बौद्ध सिद्धान्तहरू मानेका छन् । ती मौलिक सिद्धान्तहरू चतुआर्य सत्य, आर्याष्टाङ्गिक मार्ग, अनात्मा, कर्म सिद्धान्त, प्रतीत्यसमुत्पाद, सप्तत्रिंशत बोधिपक्षिय धर्म र क्रमिक आध्यामिक स्तरको विकासहरू हुन् । धेरै भन्दा धेरै त्रिपिटक ग्रन्थहरू बोधिचरियावतार, नामसङ्गति नेपाली भाषामा अनुवाद हुँदैछ। तर नेपालीमा भाषानुवाद, अध्ययन अध्यापनको गतिले तिब्रता लिन सकेको छैन । यस कार्यमा आफ्नो मातृभाषा नेपाली भएका व्यक्तिहरूले नै चासो देखाउनु पर्ने हो । समष्टिगत रूपमा थेरवादीहरू नेपालभाषाका साथ साथै नेपाली भाषालाई पनि अंगाल्दै अघि बढ्नु पर्ने देखिन्छ महायानीहरू तिब्बत भोट भाषाका साथ साथै नेपाली भाषालाई अंगाल्दै अघि बढ्नु पर्छ र बज्रयानीहरू संस्कृतका धर्म ग्रन्थहरू मा नेपाली भाषामा अर्थ पनि राख्दै नामसङ्गति आदि महत्वपूर्ण ग्रन्थलाई भाषानुवाद गर्नु पर्ने देखिन्छ। किनकी सर्वत्र बाहा: बहीहरूमा नामसङ्गति पाठ गरे पनि त्यसको अर्थ कमैलाई मात्र थाहा छ। सँस्कृतमा नामसङ्गति दिनहुँ पाठ गर्नेहरू अनुत्तर सम्यक सम्बोधि प्राप्त गर्छन् भन्ने धरणा विश्वास रहेको छ । तर आफूले बुझ्ने भाषामा पाठ गर्दा जति पूर्ण विश्वास हुनेछ त्यति नबुझ्ने भाषामा पाठ गर्दा उपलब्धि मूलक नहोलाकी ? यसरी ग्रन्थहरूलाई नेपाली करण गर्दै लान सकेमा सम्पूर्ण भाषा भाषीहरूले धर्म बुझेर सम्पूर्ण नेपालीहरूले गर्वसाथ "म बौद्ध हुँ" भनेर भन्न सक्ने छन् ।

हाम्रो ठूलो भाग्यको कुरा हो की हाम्रो देश नेपालमा थेरवाद, महायान र बज्रयान तीनै ओटा सम्प्रदायको अध्ययन गर्न पाउँछौं तथा ध्यान अभ्यास गर्न पाउँछौं । अत: यी महत्वपूर्ण धर्म ग्रन्थहरू संरक्षण सम्बर्द्धन, अध्ययन अध्यापन गर्दै प्राणी मात्र प्रति मैत्री, करूणा, मुदिता र उपेक्षा भावना गर्दै दु:ख मुक्त भएर अनि अन्य प्राणीहरूका दु:ख मुक्तिका लागि मार्गदर्शक भएर दुर्लभ मानव जीवनलाई सार्थक पार्ने अवसरलाई सदुपयोग गरौं। आफ्नो जीवनलाई धन्य पारौं । नेपाली बुद्ध धर्मको परिचय, विशेषता, महत्व भनेको अनेकतामा एकता हो ।

❖



Downloaded from http://www.dhamma.digital

# अनन्त ज्योति श्रद्धेय भिक्षु सिङ्ग युनका धर्मचिन्तन-२

✍ देवकाजी शाक्य

( ९ )

- फूलहरू प्राकृतिक रूपले नै सुन्दर हुन्छन् ।
- रूखहरू स्वभावले जीवन शक्ति प्रदान गर्ने हुन्छन् ।
- संसारको स्वभाव नश्वर हुन्छन् ।
- चित्त स्वभावैले परिवर्तनशील हुन्छ ।

( १० )

- प्रत्येक रूख र फूलको उद्देश्य हुन्छ ।
- प्रत्येक पहाड र खोलाको आफ्नो स्थान हुन्छ ।
- हरेक पर्वको कारण हुन्छ ।
- हरेक कारणको प्रभाव हुन्छ ।

( ११ )

- ब्रह्माण्डको अस्तित्व हुन्छ किनभने यसले प्रकृतिको आज्ञा मान्छ ।
- प्रकृतिको आज्ञा पालना गर्ने जीव फल्छ फुल्छ ।
- एक साहस जसले प्रकृतिलाई मान्छ, असल फल दिन्छ ।
- प्रकृतिलाई मान्ने मन सुशील र असल हुन्छ ।

( १२ )

- असल फूलहरू राम्रा हुन जरूरी छैन तर सुगन्धित हुनै पर्छ ।
- असल चक्कुहरू लामो हुन आवश्यक छैन तर धारिलो हुनै पर्छ ।
- राम्रा शब्दहरू शेखी मार्न आवश्यक हुँदैनन् तर सत्य हुनै पर्छ ।
- राम्रा लुगाफाटाहरू महँगा हुनु पर्दैन तर जीउमा मिल्ने हुनु पर्छ ।

( १३ )

- पुतलीहरू सुगन्धित फूलहरू बीच नाच्न रमाउँछन् ।
- साना फिस्टे चराले बडोमाको रूखमा गुँड लगाउँछ ।
- मनगढन्ते अमर चरा (फिनिक्स) अनन्त आकाशमा कावा खान्छ ।
- गौमन साँप जस्ता देखिने प्राणी ड्रागन असीमित सागरमा डुबुल्की मार्छ । *क्रमश:*


# भिक्षु ज्ञानपूर्णिक महास्थविर र भिक्षुणी धम्मविजया म्यानमार सरकारबाट बेग्ला बेग्लै पदवीद्वारा विभूषित

बुद्ध शिक्षालाई आफ्नो दैनिक जीवनमा प्रयोगगरी बुद्ध धर्म प्रचार कार्यमा योगदान पुऱ्याउँदै आफ्नो जीवन समर्पण गर्नुहुने व्यक्तित्त्वहरूको कदर गरी समय समयमा म्यानमार सरकार धार्मिक मन्त्रालयले उपयुक्त पदवीहरू प्रदान गर्दै आइरहेको कुरा सर्वविदितै छ । यही क्रममा यसपाली २६ मार्च २०१३ अर्थात् २०६९ चैत्र १३ गतेका दिन अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष, विश्वशान्ति विहारका प्रमुख भिक्षु ज्ञानपूर्णिक महास्थविरलाई म्यानमार सरकार धार्मिक मन्त्रालयले अति विशिष्ट अग्गमहापण्डित पदवीद्वारा विभूषित गरिएको समाचार प्राप्त भएको छ । स्मरणीय छ, यसभन्दा अगाडि सन् २००१ मा पनि उहाँलाई म्यानमार सरकारले अग्ग महासद्धधम्म जोतिकधज पदवीले विभूषित गरिसकेको थियो ।



**भिक्षु ज्ञानपूर्णिक महास्थविर**
***"अग्ग महासद्धधम्म जोतिकधज"***
***"अग्ग महापण्डित"***

यसरी नै भिक्षुणी धम्मवतीकी शिष्या, निर्वाणमूर्ति किण्डोल विहारकी प्रमुख भिक्षुणी डा. धम्मविजयालाई पनि यही २०६९ चैत्र १३ गतेका दिन म्यानमार सरकार धार्मिक मन्त्रालयले "गन्थवाचक पण्डित" पदवीले विभूषित गरिएको समाचार प्राप्त भएको छ ।



**भिक्षुणी डा. धम्मविजया**
***"गन्थवाचक पण्डित"***



Downloaded from http://www.dhamma.digital

# धर्म प्रचार शिलशिलामा भुटानसम्म यात्रा

✍ **गौतम** 'शिशिर', श्रीघः विहार

जीवन एउटा यात्रा हो। जीवन यात्रामा थुप्रै-थुपै उकालो र ओरालो आउँछन्। अनगिन्ती दुःख सुख हाँसो आँशु अनि आउँछन् ठूला-ठूला जँगार खोला र नालाहरू पनि। जीवन भोगाईका क्रममा मानिसले अनेकौं यात्रा गर्नुपर्ने हुँदो रहेछ, कुनै रहर त कुनै कहरले। यस यात्रामा पाएका अनुभव हो। जीवनमा कदम-कदममा संघर्षगर्दै जीउन पर्दोरहेछ। हामी मानिस भएर एउटै ठाउँमा बसिरहँदा बौद्धिक रूपले कुँजोबन्दछ। हामी नेपाली साँचिकै भाग्यशाली छौं। शान्तिका नायक एवं एसियाका ज्योति गौतम बुद्ध जन्म भएको देशको नागरिक हौं। यसपाली मलाई धम्मयात्रा गर्ने अवसर जुट्यो। प्रिय साथी लामा प्रेम कुमार आले मगर उहाँ नेपाल मगर बौद्ध सेवा समाजको केन्द्रीय सदस्य पनि हो। हामी दुइजना बौद्धधर्म प्रचार प्रसार गर्ने रहर वोकेर लहरिदै जाँदा भुटानको शहरसम्म यात्रा भयो। जीवन यात्रा गर्दै बुद्धको शिक्षालाई व्यावहारिक रूपमा प्रचार प्रसार गर्ने उद्देश्यले प्रस्तुत गर्ने जमर्को गरेको छु। काठमाडौं देखि १९ गते यात्रा आरम्भ भयो। २० गते दमक झापामा शान्तिको कामनाको लागी बुद्ध पूजा र प्रवचन कार्यक्रम भयो। २२ गते लेताङ गाउँमा बौद्ध संस्कारको पहिचान शिक्षाको लागी जानकारी लिन पुग्यौं। २३ गते सतासि धाम माइ धारको यशोधरा बुद्ध विहारमा नेपाल मगर बौद्ध समाजको बौद्ध शिक्षा र अन्तरक्रिया कार्यक्रम भयो।

२ गते वेलडाँगी २५ गते हामी ३ जना भयौं। लामा प्रेम कुमार आले मगर वायाँ र लामा राङज्याङ पुलामी मगर र गौतम शिशिर दमक वेलडाँगी देखि विर्तामोड चाराली बुधवारे हातप्याटे चोक, वैरणे झोडा, पाथी भरा कन्याम, फिकल, तिनघरे, चौवारी भन्ज्याङ, माइखोला, तिलकेनी, जिरो इलाम वजार धोवी धारा विवंलाटे पुयाँखोला, नेपालटार, राँके, रकसे, पौवा भन्ज्याङ, कान्छी दोकान लालिखर्क, ओदानी ब्यारेक, सामदिन मुस्कान चोक बुद्ध धर्मको प्रचार प्रसार प्रवचन कार्यक्रम अभियान कार्यक्रम गर्दै घुम्दै फिर्दै जादाँ पानथर जिल्लाको सदरमुकाम फेदीम बजार बुद्ध धर्मको प्रचार प्रसार कै लहरमा लहरिदै पुग्यौं। गायकार कविता आले मगरको मार्फत त्यहाँ पुग्ने अवसर पुग्यो। सुरेस आले मगरको आफन्त भएको ठाउँ रहेछन्। त्यो फेदीमवजार बुद्ध धर्मको उपदेश प्रवचन बौद्ध धर्म संस्कार जानकारी गराउने क्रममा त्यहाँको मगरहरू सवैजना खुशी भए तर १/२ जना मगरहरू चाँही यसो हेर्दा साधारण खान लाउन पुगेकि धनीमा नै गनिन्छ महाजन भन्छन। मध्यम परिवारको पढेलेखेका जस्तै देखिने मगरहरूले बोलेको वचन निमको पात जस्तै थियो। बुद्ध धर्म प्रति श्रद्धारहेनछ, त्यसैले हामीलाई तामाङ भोटेको वौद्ध धर्म चाहिँदैनन्, हामीलाई वौद्ध धर्म मन पर्दैन मगरहरूको बौद्ध धर्म हो भनि केही प्रमाण छैन। आगो जस्तै जोशीलो रातो पिरो हुँदै जाँदा डरपनि लाग्यो। मगरको कर्मकाण्ड जन्म र मृत्युको संस्कार मौलिक पहिचान चाहियो। यो भोटे तामाङको वौद्धधर्म चाहिन्दैन भनि धेरै पटक भन्दा भिक्षु भएर लामा भएर सहन सिवाय कुनै पनि विकल्प रहेन म मेरो आँखावाट आँशु भकानियो मगरले मगरलाई यसरी आफूले आफैलाई म ताक्छु मुडो बन्चरो ताक्छ घुँडो भने जस्तै छन्। मगर समाजलाई सम्झेर ल्याउँदा विडम्वना लाग्छ। अरू ठाउँमा, हामीलाई कार्यक्रम गर्नेलाई सहयोग अनि मानसम्मान पायौं त्यहाँ फिदीम बजारमा पनि १/२ जना मात्र त्यस्तो पायौं। त्यो ठाउँ हिन्दु धर्मको ब्राह्मणवादीको रणनीति चलखेल भएको थाहा पायौं। त्यो बेला म भित्र सोच्न पुगें काठमाडौं उपत्यका मात्र बसेर भिक्षु भएर धर्म प्रचार प्रसार नगरी आनन्दमय बसेर उपासक उपासिकाहरूको घरमा भोजन गएर, विहारमा सुतेर टि.वि ल्यापटप र मोबायल, इन्टरनेट, विलासीमय मोह इत्यादीको रम झममा भुलेर मिठो मिठो खाना खाएर सुँगुर मोटाए जस्तै मोटाएको पढ्नलाई अल्छि गरेको याद आयो। श्रद्धेय भिक्षु अश्वघोष महास्थविर संघनायक भन्तेले थेरवादको भविष्य पुस्तकमा हिन्दु ब्राह्मणवादी ठाउँमा बौद्ध धर्म टेक्न सक्दैनन् गाऱ्हो हुन्छ भनेको लेख याद आयो। अनि चित्त बुझ्यो। त्यस्तै रहेछन् त्यहाँका मगरहरू कागले कान लग्यो भन्दा पहिला कान नछामी कागको पछी दौडिदो रहेछ। जे जस्तो सामना सहेर पनि ५ दिनसम्म बुद्ध धर्मको उपदेश, प्रवचन, मगरको मौलिक संस्कार, कर्मकाण्ड र बुद्धको शिक्षा बुझाई दियौं। यस्तै कार्यक्रम गर्दा गर्दै पैसा सिधिएपछि मेरो प्रिय साथी प्रेम कुमार मगर लामाको हातको औंठी बन्दकी राखेरै भएपनि प्रचार प्रसार कार्यक्रम मगर समाजकै लागी पहिलो पटक गरेको अभियान हो। मगरहरू जसो जसो बाहुन बाजे उसै उसै स्वहा सारै सिधा सोजा छन। लामा प्रेम कुमार आले मगर अब चाडै अमेरिका जाँदै छन नेपालका मगर समाजको लागी यसरी बुद्ध धर्म प्रति शान्तिको बाटोमा जान आँखाखोली दिने काम प्रति हामी नेपाली ले गौरब ठान्नुपर्छ। नेपालीको चलन मरेपछि गुठागान गाउँछ जिउँदोमा ख्याल गर्दैनन। मगर समाजलाई डोऱ्याउन र आगो चपाउन उस्तै उस्तै रहेछन्।

यस्तै अनुभव थाहा पाइयो। ३० मंसिर देखि पौष १ गतेसम्म धनकुता (भेडेटार) भेडेटार थुम्की पूर्वान्चलकै नमुना सूर्यदय शान्ति भूमि बौद्ध विहारमा केन्द्रीय समितिको नेपाल मगर बौद्ध सेवा समाजको १५ जिल्लाको (वाया भुसाल) गुरुजुहरूको बौद्ध धर्म र मगर संस्कारको अन्तरक्रिया कार्यक्रममा पनि उपस्थिति हुन पुग्यौं। मगर बौद्ध समाजलाई तिव्ररूपमा पुनर्जागरण गर्नलाई अभियानकै क्रममा इलाम फिकल पशुपति मगर कार्यक्रम गर्दै पौष महिनाको शिशिर चिसो चिसो संग रमाउँदै बुद्धधर्म प्रचार प्रसार क्रममा निमन्त्रणा भएकोले दार्जीलिङ हुँदै (खसाङ) कैसाङ वि.वि थापा मगरको बुद्धधर्म प्रति श्रद्धा भएकोले त्यहाँ कार्यक्रम प्रवचन र बुद्धपूजाको कार्यक्रम सम्पन्न भयो। त्यहाँबाट सिक्किम, कालेवुङ, १ रात वस्यौं त्यहाँबाट भुटान शहर तिर लाग्यौं। जयगाउँ फूल्छोलिङ शहर घुमेर रमाइलो गर्दा गर्दै भारू (आइसी पैसा) सिद्धियो नभन्दै जयगाउँको एक जना दिदी शान्तिराना मगरले साटी दियो। त्यहाँवाट सिलगुडी हुँदै पानी ट्याङ्की हुँदै नेपाल झापा दुर्गापुर ५ दिन बौद्धधर्म जागरण कार्यक्रम सम्पन्न पछि अमेरिका जाने भुटानी शरणार्थी मगरहरूलाई विदाईको शान्तिको कामना गर्दै बुद्ध पूजा परित्राण धर्मदेशना गर्न पुग्यौं। भ्रमण गरी संगालेका केही अनुभव गन्थन यहिँ टुङयाउँछु। ❖



Downloaded from http://www.dhamma.digital

# महापरित्राण पाठ

✍ जगन्नाथ ढकाल

'कुनै पाप नगर्नु, पुण्य सञ्चय गर्नु र आफ्नो चित्तलाई शुद्ध गर्नु यही नै बुद्धहरूको शिक्षा हो । रिसले वैरभाव शान्त हुन सक्दैन, प्रेम भावले मात्र वैरभाव शान्त हुन सक्छ, यही नै सनातनदेखि चलि आएको धर्म हो । दण्ड देखेर सबै डराउँछन् सबैलाई आफ्नो ज्यानको माया हुन्छ त्यसकारण आफूझैं सम्झी कुनै प्राणीलाई आघात नगर्नु नगराउनु ।

उल्लिखित अमरवाणी भगवान् गौतम बुद्धले धर्म देशनाका क्रममा भनेका कुराका सार हुन् । यी भनाइहरू थोरै र छोटा भए तापनि भाव अर्थ व्यापक र गहन छ । बुद्ध र बुद्धधर्मको मूल र प्रामाणिक स्वरूप अध्ययन गर्ने उपलब्ध भएका विभिन्न वाङ्मयमध्ये त्रिपिटक नै विकल्परहित वाङ्मय हो । सूत्रपिटक, विनयपिटक र अभिधर्म पिटकको संग्रहित वा संयुक्त रूप नै त्रिपिटक हो । यिनै त्रिपिटकहरूको सार र निर्देशनहरूबाट नै बुद्ध धर्मको व्यापक र विस्तार हुँदै गएको हो । कुनै धर्म नीति वा दर्शन आफैमा पूर्ण हुन सक्दैन । त्यसमा उल्लिखित विषयवस्तुको गहिराइमा पुगी त्यसको पालना गर्नसकियो भने मात्रै त्यस्ता धर्म नीति र दर्शनले सार्थकता पाउन सक्दछ । नेपालको लुम्बिनीबाट उत्पति भई प्रचारित र प्रसारित हुँदै गएको बुद्ध धर्म आज विश्वको मुख्य धर्महरूको सूचीमा पुगेको छ । यसको सार्थकता र व्यापकता बढ्दै गइरहेको छ । यो हामी सबै नेपाली तथा बुद्ध धर्माबलम्बीहरूको खुशी र गौरवको विषय हो ।

हामी नेपाली नेपालमा मात्र नभई विश्वको नै दिगो शान्तिको साथै मानव कल्याणको बुद्ध शासनको निरन्तरता समस्त प्राणीको सुख, शान्ति र कल्याणको साथ साथै पर्यावरण शुद्धताको कामना गर्दछौं । यिनै कुरालाई ध्यानमा राख्दै गर्दै नेपालको भिक्षु महासंघबाट वाचन हुने प्रथम ऐतिहासिक वृहत पवित्र महापरित्राण पाठको आयोजना भयो । यसको आवश्यक तयारीका लागि आवश्यकता अनुसार विभिन्न समिति तथा उपसमितिहरू गठन गरिएको कुरा यसका आयोजकहरूले बताउनुभएको छ । नेपालका सम्पूर्ण विहारहरूका भिक्षुगणहरूको सक्रिय सहभागितामा सम्पन्न महापरित्राण पाठ समस्त प्राणीहरूको हित तथा कल्याणार्थ गरिएको हो । यस महापरित्राणपाठ समारोह काठमाडौंको हनुमानढोका दरबार परिसरमा शनिवार लाखौं शान्तिप्रिय धर्मावलम्बी जनसमुदायको व्यापक जनसहभागितामा सम्पन्न भयो ।

बुद्ध धर्ममा परित्राणको अर्थ चारैतिरबाट आउने भय, डर, विघ्न, बाधा हटाउने भन्ने हुन्छ । यस्ता धेरै सूत्रको समूहलाई संयुक्त रूपमा महापरित्राण भन्ने गरिन्छ । त्यस्ता धेरै धार्मिक सूत्रहरू बौद्ध भिक्षुहरूद्वारा सामूहिक रूपमा पाठ गरिने भएकाले नै यस कार्यलाई महापरित्राणपाठ भनिएको हो । यस किसिमको महापरित्राणमा परित्राणमा भन्दा धेरै सूत्रहरू पाठ गर्ने, लामा-लामा सूत्रहरू पाठ गर्ने धेरै बौद्धभिक्षुहरू धर्ममण्डपमा बसेर अटुट रूपमा पाठ गर्ने गरिन्छ । यो एक किसिमको शान्ति पाठ हो, जसबाट डर, भय, त्रास, विघ्नवाधा, आपत-विपत, रोगव्याधि आदि संकटबाट मुक्त र सुरक्षित हुने गरिन्छ । यसबाट मानिसलाई मनोवैज्ञानिक रूप नै सुरक्षित भएको धार्मिक विश्वास मिल्दछ । आफू सुरक्षित भएको आभास र अनुभूति मिल्दछ । यस किसिमको महापरित्राण पाठका सूत्रहरू वाचन गर्ने निश्चित विधिहरू छन् जस अनुसार परित्राण शब्दले बौद्ध पाट पद्धतिमा सिमित संख्यामा गर्ने सूत्रहरूको वाचन पद्धति हो । तर महापरित्राण पाठमा सीमित सूत्रहरूभन्दा बढी सूत्रहरू पाठ गर्ने प्रक्रियालाई बुझाउँदछ । यो प्रक्रिया विशेष विधि अपनाएर गर्नुपर्ने र पाठ गर्ने भिक्षुहरूको संख्या कम्तिमा १२ जना वा सो भन्दा बढी सहभागी भई सम्पन्न गर्नुपर्ने पाठ हो । विशेष मण्डपभित्र दाता पक्षबाट निवेदन गरे पश्चात् सामूहिक रूपमा पाठ शुरू भई दुई-दुई भिक्षु बसी चार भागमा बाँडिएका सम्पूर्ण सूत्र शुरूदेखि अन्त्यसम्म पाठ गरी पुनः सामूहिक रूपबाटै समापन गर्ने विधिलाई नै महापरित्राण पाठ भनिन्छ ।

व्यक्तिगत वा सामाजिक रूपमा शान्तिको कामना गर्दै महापरित्राण पाठ पूजा हुँदै आएको भए तापनि यसरी सामूहिक रूपमा हुने महापरित्राणपाठ सम्भवतः इतिहासकै बृहत शान्ति पूजा हुने आयोजकहरूको विश्वास छ । उक्त महापरित्राण समारोहमा देशका विशिष्ट व्यक्तिहरूका साथै विभिन्न राष्ट्रका राजदूतहरू तथा कूटनीतिक नियोगका महानुभावहरू सहभागी हुनुहुने भएको र सो महापरित्राण समारोहमा काठमाडौं उपत्यकाका विभिन्न बाजागाजासहितका झाँकी तथा ऱ्यालीहरूले सुशोभित





Downloaded from http://www.dhamma.digital

भएको थियो ।

मानिस स्वभावैले भौतिक तथा आध्यात्मिक सुख चाहन्छ । भौतिक तथा शारीरिक सुख सुविधाका लागि उचित आहार विहार राम्रो वासंस्थान पोशाक तथा औषधोपचार जस्ता आधारभूत कुराबाट प्राप्त गर्न सकिन्छ भने मानसिक तथा आध्यात्मिक सुखका लागि धर्मकर्म, पूजापाठ, ध्यान साधना जस्ता कार्यबाट मात्र सम्भव हुन्छ । परापूर्व कालदेखि नै मानिसले आफ्नो र वरिपरिका सबै प्राणी, प्रकृति तथा पर्यावरणको समेत सुख शान्तिको कामना गर्दै विभिन्न धार्मिक विधिबाट शान्तिकर्म गर्दै आइरहेका छन् । जसबाट आध्यात्मिक सुख, शान्तिका साथै मानसिक रूपमा बल, शक्ति, धैर्य र सुरक्षाको प्रत्याभूति प्राप्त गर्न सकिन्छ । त्यसैले बौद्ध धार्मिक पद्धति अनुसार भिक्षुसंघबाट गरिने यस महापरित्राण पाठबाट व्यक्तिगत, सामाजिक तथा समस्त विश्वकै सुख शान्ति र सुरक्षाको निमित गरिने पवित्र शान्ति वाचन हो । त्यसैले यस महान पुण्य कार्यमा सहभागिता जनाई शारीरिक सुख तथा मानसिक शान्तिको अनुभुति गर्न सकिन्छ । निश्चित भक्ति र गौरब पूर्वक गरेका यस महापरित्राण पाठको प्रभावले डर, भय, तथा त्रास हटेर जाने तथा भविष्यमा हुन सक्ने भय तथा त्रास नहुने, राम्रो कार्य गर्दा कुनै किसिमको बाधा व्यवधान नआउने, आफूलाई हानिहुने काम गर्नबाट बच्न सकिने र अन्त्यमा निर्वाण धर्म प्राप्त गर्न सकिन्छ भन्ने धार्मिक विश्वास रहि आएको छ । ❖

*(साभार- 'गोरखापत्र' २०६९ फागुन १९ गते, शनिवार)*

## म्वाय्गु मध्ये नर जाती हे उत्तम

✍ **आनन्दमानसिंह तुलाधर**
*भोटाहिती, यँ*

जन्मकाः वया थ्व हलिमय् ।
वनेमाः छन्हु धाःगु इलय् ॥
ज्वना वैगुनं छुं मदु ल्हाः निपां खालि, ।
चकं ल्हाः क्यनाःहे वने माली ॥
ख्युँथाय् मतजः जुयाः म्वाना वने फय्मा ।
छुंहे मखंकाः सुम्क च्वना च्वंपिंन्त ॥
भिंगु लँपुया जः क्यना वने फय्मा ।
सुइगुं भर मकासे थःहे थःम्ह मालिक जुयाः ॥
वने फ्यमा सकसिंगुं ग्वहालिया तिबः जुयाः ।
जीवन म्वाय्गु सुख दुःख धैगु ॥
सामना याय्माः न्ह्याग्गु दुःख वःसां ।
क्वात्तुक मनं धैर्य बल्लाकाः ॥
प्राणी मध्ये चेतनशील खः भ्रीपिं ।
ज्यू मज्यू सकतां छुतय् याय् सःपिं ॥
उकिंहे धैतःगु ज्वी भ्रीत ।
म्वाय्गु मध्ये नर जातिहे उत्तम ॥
सित्तिकं छोय् मत्य थुगु थ्व जन्म ।
धाय् मफु हाकनं लिपते दइ मदई ॥
आःहे सचेत जुया न्हयाः वनेगु ।
बुद्धं क्यना थकूगु मध्यम मार्गय् ॥
भवतु सब्ब मंगलं ।

## मान्छेको विचार

✍ **सुमेधावती**

मान्छेको जीवन शिक्षा भन्दा
पैसा र भौतिक सम्पत्तिमा
टाँसी रहनु मात्र जीवन रहेछ ।
त्यागमा भन्दा आशक्तिमा रहने रहेछ ।

आयु ७०/७५ मा चढ्दै छ
कहिले होस् र त्याग आउँन्छ ?
निन्द्रा लाग्दैन विहान बेलुकी भन्दैन
सम्पत्तिमानै मनन चिन्तन, भोक पनि छैन ।

उहि मान्छे त्यागी र धार्मिक हुन्छ
स्वर्गको आशा र कल्पना गर्दछ
शीलवान स्रोतापत्ति भए जस्तै गर्छ
स्वास फेर्न पनि विहार नआइ हुन्न जस्तो छ ।

विहार त आउने गर्छ,
क्रियाकलाप भने उस्तै छ
इच्छा र स्वार्थमा चलेको छ
मूर्ति विनाको मन्दिर भ्रैं देखिन्छ

त्यागीहरू बिनाको विहार
बुद्ध शिक्षा बिनाको विहार
ध्यान भावना बिनाको विहार
नामै नामको एउटा सिंगो विहार रहेछ



Downloaded from http://www.dhamma.digital

# कल्याणया सार्थक तारादेवी तुलाधर (तम्ता)

– सुवर्णकेशरी चित्रकार

साइलेन्सय् तयातयागु मोबाइलं भाइब्रैशनया सुचं बिल। मोबाइल चाय्का 'हलो' धया। 'दाँ तता गन' न्यनाहल 'जिला पोखराया कार्यक्रमय् छायथें ? चिसलं लिसः बिया। ख्वखना सलं थन याकन वा' धाधां अन्जनां मोबाइलया सुइच बन्द यात। जिगु म्ह चिंक मिन। छाय् थें छु जुल थें नुगः खुलुखुलु मिन।

भचा जाय्का मोबाइलं हानं सुचं बिल। मोबाइल ज्वना जि कोठां प्यहाँ वया। मोबाइलया सुइच चाय्का। "सुबं तता छ गन ? तार्तता मन्त।" मनहराया सः नन्याथें जिगु न्हाय्पने दुहाँ वन "हाँई ? गबले ? अन्जना नं फोनला याना हगुला खः। थथे मधाः।"

"थौं सुथे भुतुली छाःपोला च्वंम्ह छथुं मन्त हं" जिगु म्ह थर्र खाना वल खख मख धागु सलं न्यना "यंके धुंकल लाकि छु"।

थौंहे यंकिला मस्यु। जिनं नकतिनि सियाः वने त्यनागु का याकनं वा" धाधां सुइच अफ याना हल।

जिगु नुगः भभः मिन। गज्यागु जूगु जुइ। पोखराय् वय् स्वन्हु न्ह्यो किजा सिद्धार्थमान भौ सुमन पिंथाय् नखत्याय् वनाबलय् "छं लचनायात सुगरया वास नकाच्वनागु दु लाकि मदु त्वफिकेमज्यू धका न्वाना चाक्लागु टेबुलय् नयाच्वंपिं भाजुपिंत नं का बांलाक भपियादिसं धका ल्यहाँ भ्काःम्ह तम्ता पोखराय् वने छन्हु न्ह्यो जि पाजु पिन्थाय् वनागु नं खः तम्ता नाप मलाः स्वयम्भु दाई व चिचिमां नापलाना अनं ल्यहाँ वया वय्का धया वयागु। हिस्स जुइक छन्हु मपिसे वनका। गज्यागु जुइ। जि जक ज्यूसा हुरुरु बोया वय् मास्तेवल तम्ताया ख्वाः स्वयेत। तसकं नुगः मछिन। विवश जुया हले दुहाँ वया थःगु थासय् फ्यतुना। नवाना च्वंगु छुं नं ध्वामथुल। नुगः जक पिपिच्यानाच्वन। ५ बजे बल्ल सिधल भाग कावःपिं, तालिम ब्यू वःपिन्त सुभाय् बियाः कार्यक्रम क्वचायेका छ्वया। तै थौं तालिम क्वचाइगु दिन। कन्हे सुथय् पोखराय् चाहिला ल्यहाँ वनेगु प्रोग्राम यानातैगु। जितःला गज्यागु दुःखं कःवल। जि ला थौं हे लिबासां ल्यहाँ वनेगु धयाबले मेपिं यें, यल, काभ्रे, मकवानपुरया प्रतिनिधिपिं नं थौं हे वने धागुलिं माइक्रो बस छगः रिजर्भ याना बहनिसिया ८ ता इलं ल्यहाँ वया। मेपिं फुक्कला गफ याना वयाच्वन। जितला तम्तायागु खँ जक लुमना वैच्वन।

तम्तां बरोबर नुगः मछिंका धयादी "जि बुयाः निदंत्या दुबले जिमि मां मन्त धयां छ बुया दच्छि हे मदुबले छिमि मां जिमि तता (पूर्णलक्ष्मी) नं मन्त छुयाय् भीसं मां धैम्ह हे म्हमस्यू। मां मदुपिं मस्तय्गु जीवन गुकथं ब्वलनी धैगु खँ बांलाक थूम्ह जूगुलिं हे जितः तसकं हे हेरविचार याना माबले माकथं सरसल्लाह बियादिइ। अफ्ला लिपा थथे नं जुइ फु अथे नं जुइफु अयाबले थथे थथे यायेमा धैगु तकं ज्ञां बियादिइ। पाजु पिन्थाय् वनेबले नं सकसियां घाले ध्वइथें यानाः तयातइ। दाजु किजा तता केहेँपिं सुं मदु जि थयात याकःचा तायेकि धैथेंजुइ पाजुपिं फुक्कसित दाजु अले चाँपिं फुक्कसित तता धाय्का तःगु जुइ। ततापिं मध्ये तःधिम्ह जुया हे जुइ तःधिकम्ह तता धायेकातःगु। जि हे तःधिकम्ह तता धाधां हे तम्ता जूवन।

तम्तां बराबर लयताया कना च्वनादिइ धमां बाज्या (धमां साहु धर्ममान तुलाधर) तसकं योम्ह छय् धमां बाज्याया जन्मन्हिया तारा पुजा याबले बूगुलिं तारादेवी नां तगु। धमां बाज्या नापं जन्मन्हि याना खें सगं काःगु। जन्मन्हिबले धौ बजि, तःला, सिसाबुसा नं इनेमा। धौबजि कावैपिं चुके जायक च्वनाच्वनि। कालाकुलु हालाच्वंपिन्त भ्कोलिं तया धौबजि इने बले तसकं न्ह्याइपुसे च्वं धयादिइ। तम्ता नाप लों दाया खौ दाया, तिंमुस्या तिं, दिपंखा म्हितेम्ह पासा थें खः तेलकासा, सुलाकासा म्हितेबले दुमं जितः ज्वने त्यन कि घय्पुना साला मिखा तिसिका थन दानकेशरी मदु धकाः हाला च्वनी मेपिं ततापिं न्हिला मेथाय् वनकि जित का का आबले आजु थिउ हुँ धका ब्वाके छोइ। का का दानकेशरी हे त्यात धाइबले जि लय्ताया दंग जुयाच्वने। घ्वाइँ म्हितेबले नं पालिं चिने थिइ का का सितसित धाइ। तम्ता वया छिमिसं अथे भ्केल्ला याये दइला छिमिगु तुति हे थपाय् हाक छिमित थिक जुइक कोठा दय्का व चिधिकम्ह वया तुतिनं चिहाक अले चिनय् मथिइला ले काका ग्याय्म्वा म्हिती धाधां जित म्हितकाः बैगः थ्यंक हे थ्यंके बिइ। का दानकेशरी हे त्यात का। इपिं बूपिन्त जक म्हितका तिले भ्की अन तमांपिनिगु लुखाखरुइ फ्यतुना आरामं स्वयाच्वने का नु धयादिई। तम्ता नाप न्ह्याइपुका च्वनागु मचासु फिलिम स्वय् थें जिगु मिखाय् न्ह्यानाच्वन। छकः जितः खिचाकै वयाः पाके जुयाः न्हिदायाः भान्तालं म्हय् प्यपुना च्वंबले पुनखु मैचाया बाखं ककं लुमुलुमु धाःगु लखं माफ्वफ्वं बिस्तारं लं त्वका ब्यूगु आतलें लुमंनि। फ्लोरेन्स नाइटिङ्गेलया बाखं नं दकले न्हापां तम्ताहे न्यंकूगु। अथे जुयाः मस्त फुकसिया म्हितेत, बाखं न्यनेत तम्ता माः।

जि नं सिउ जि मचाबले अवनारी लामा, लामाजुपिं ल्हासांनिसें पाजुपिन्थाय् बिज्याई बौद्ध धर्मया उपदेश न्यनेत शिक्षा कायेत यैं, यल, ख्वप, सक्वया मनूत म्वो म्वो वैच्वनी। उकिं हे जुइ तम्ताया नं यक्वो न्हिकं यायेमाः। बौद्ध दर्शन बाँलाक थूम्ह जुया हे जुइ तम्ता गबले नं भ्कफि भ्कफाउ



Downloaded from http://www.dhamma.digital

जुइक वसतं पुना मदी, तिसां तियामदी । न्ह्याबलें धया च्वनादिइ भीसं करपिन्त मछिंकेगु ज्या यायेमज्यू । सकसितं ल्वइ कथं ज्या यायेमाः तामासे धर्म याय मज्यू । अहंम ब्वलंकेगु ज्या यायेमज्यू । अहमं विनासया लँय् यंकी थुकीं मनूया विकास, उद्वान, उन्नति गबलें जुइमखु । लोभ व तृष्णां तापाक्क च्वनाच्वने फत धाःसा हे जक जीवन सरल जुयाः सलंललं न्ह्याइ धयादि । म्हंमफुपिन्त सुसार अशक्तपिन्त ग्वहालि याय्बले इमित गुलि गुलि बाँलाना वल गुलि गुलि छिनावल उलि उलि हे थयात धेबां न्याय् मदुगु आनन्द वः धयादिइ । सुयातं दुःख जुइगु कर्म भीसं याय् मज्यू बरु धनी, गरीब, थजात, कोजात, मिसा-मिजंयागु भेदभाव मतसे थम्हं फक्व ग्वाहालि यायेमाः धैगु भावनां सेवा यानाजुइ ।

सरकारं जक मखु समाजं नं मिस्तय्त आखः ब्वंके मब्यूगु हुनीं नेपाया मिसा समाज थहाँ वय् मफयाच्वंगु खः । आखः ब्वनेगु आखः ब्वंकेगु मिस्तय् नं नैसर्गिक अधिकार खः थ्वयात गुगु नं कथं पने मज्यू । मिस्तय्त आखः मब्वंकेगु धैगु हे प्रगति, उन्नतिया पंगः खः । मिस्त शिक्षित मजुइकं समाज न्ह्याःवने फैमखु । समाज विकास मजुइकं देश प्रगति जुइ फैमखु धैगु वय्कःया दुग्यंगु धारणा खः । उकिं हे वय्कलं दुःख सियाः उखेंथुखें वनाः उगु इलय् नं आखः ब्वनादिल । मिस्तय्सं आखः हे ब्वने मज्यूबले नर्स ब्वनेगु धैगु ला भन हे कोह्यंगु ज्या याइपिं धैथें तायकिगु ई । बुद्धया दर्शन कथं छुं लोभ लालच मतसे सेवा याय् धैगु हे परमो धर्म खः धैगु ध्वाथूम्ह तम्ता छु नं समाजय् परिवर्तन हयेत थःहे न्हापां न्ह्यचिला दिया न्हापां नर्स ब्वनाः नेपाया न्हापांम्ह ग्राजुयत नर्स जुयादिलसा, न्हापांम्ह हीदान याम्ह मिसा नं जुयादिल । थयागु वय्कःया लगनशीलताय् मेपिन्त हौसला बिइगु दसिपौ खः ।

जिमि तम्ता खःगु खँय् सु खना नं मग्याः । सुनानं छुं धाइ धकाः नं मग्याः, वय्कलं भाला काय् धुन कि गुकथं नं पूवंका तुं त्वति । अथे निडरम्ह जुया हे खः न्ह्याम्हेस्यां न्ह्यागु हे धाःसां सकसियां योम्ह, लोकंह्वाम्ह धम्मावती गुरुमां मफै बले न्ह्याबलें सेवा याइम्ह जिमि तम्ता गुरुमांया उसाँय् बाँलाकेगु लागि इण्डियाय् वास याना ल्यहाँ बिज्याबले, नेपाःया अस्पताले, धर्मकीर्ति विहारे नं आदर्श व सद्भावं नापलावःपिं उपासक उपासिका सुयातं नापलाके मब्यू । अथे हे जिम्ह काय् निभा बूबले नं मचा मख्वः प्रसुतिइ पिने मेम्ह डाक्टर हयाः जाँच याकूबले मचायात अक्सिजन बिइमाल धाल । प्रसुती थें जाःगु अस्पताले नं अक्सिजन मदु । डाक्टर दिव्यश्वरी शाहयात मचायात याकनं अक्सिजन ब्यु मखुसा मेथाय् अस्पताले यंके त्यल थुकिया जिम्मा जिं हे काये धकाः ल्वाना मचायात कान्ति अस्पताले हयातुं तोतला । अन थः हे प्यन्हुतक च्वनाः मचायात माःमाःगु फुक्क यानाच्वन । प्यन्हु लिपा तिनि जि प्रसुति गृहनं डिस्चार्ज जुयाः कान्ति बाल अस्पताले वनेसात प्यन्हु न्यान्हु तक च्वनाः मचा नापंतुं तम्ता नं ल्यहाँ भाल । उलितक नय्गु नं वास्ता मदु, देनेगुनं वास्ता मदु गज्यागु पवित्रगु सेवा । ख्व हे मख्वसे वँचुसे च्वना वने धुंकूम्ह मचायात म्वाकातुं त्वःतल । थज्यागु पवित्रगु सेवा जितः जक मखु सुनां सुनां ग्वाहालि फ्वन वयात वयात छुं हे भेदभाव मतसे थम्हं फक्व ग्वाहालि यानाच्वंम्ह । सकलसियात मदेक मगाम्ह, सकलसितं ग्वाहालि याना च्वनिम्ह । सुनानं छुं छुं हे सेवा याय् म्वायक गुलि याउँक वंगु गज्योगु अद्भूत ।

बौद्धिक अपाङ्गता जूम्ह म्ह्याय् लचना बूबले नं वय् कःया सल्ला साहुतिं जितः तःधंगु धारस जुल । जिमि तम्ता जिगु हरेक ज्याया लागि छगू उर्जा खः । जिगु नुगः स्वत्तुमत्तु स्वइबले फ्यनाबिम्ह विज्ञ मदुबले जिला आता आता पाता पातां जुल ।

सुथसिया ३ बजे छैं थ्यन । जिमि वय्कलं चान्हे चान्हे वयेमते धैगु मखुला छाय् वयागु धयादिल । तम्ता मन्त धागुलिं च्वने हे मफयाः माइक्रोबस रिजर्भ यानावया । "छं गथे सिल ?" वय्कलं न्यन "जितः अन फोन वःगुलिं ।"

"छिं नं छक्व फोन यानाहया द्यूसा ज्यूनि ।"

जि नं म्हिग बहनी लिबाक तिनि सिल वय्कलं धयादी ।

अथे खँ ल्हाल्हां हे सुथसिया ६ बजे जुल ।

जिमि वय्कः व जि काचा काचा ख्वाः सिला ब्वाँय् वना । त्यौड थ्यंसांनिसें नुगः थुँ थुँ दिनावल ।

छेरी अन्जना नापलात । जि थःयात पने मफुत । निम्हं छकः ख्वया । ख्वख्वं हे थाहाँ वना ।

"दाँतता ख्वयमते तारा निनिया ख्वैगु मयो" युजिनं धाल । थ्व खँ जिं नं स्यू, जन्मकासेंलि सीमाः धैगु नं स्यू अय् नं जि अज्ञानी थःगु नुगः ची मफुत ख्वयेगु नं दिके मफुत । कोठाय् दुहाँ वना फुक्क फुक्कसियागु छचों कोछुना च्वंगु दु, जीवन पाखे पराजित जूपिं थें । वाक्कुछिनाः ख्वय् वःगु पना तम्तायात दर्शन याना अन्तिम दर्शन । तम्ताला (चाँ) शान्त मुद्राय् तप्यंक गोतुला बुद्धयात लुमंका च्वंम्ह थें च्वं । छाइसे च्वंगु न्हाय् स्वस्वं वनाबलेला जिमि तम्ताला स्वस्वंहे जिगु नुगले तारा द्योथें तायावल । वय्कःयागु चकंगु कपाः वय्कःया करुणां जाःगु केलें कंगु मिखा, वय्कःया छाइसेच्वंगु न्हाय्, वय्कःया म्हुतुसी, वय्कःया सम्पूर्ण ख्वाले ताराद्योया जाज्वल्यता खना । जिगु दुनुगलंनिसें श्रद्धां स्वाँ छाना, खाता देछाना पालिभोपुया बिन्ति याना । मत्यवं छिं त्वःता भासां छिं न्ह्याका भाःगु पलाः हौसलाया रूपय् जिगु नुगलय् न्ह्याबलें स्वचाना च्वनी । ❖



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

## विषय- अंगुत्तर निकाय (दुक निपात)

*२०६९ पौष २१ गते*

*प्रवचक- मदन रत्न मानन्धर*

*प्रस्तुती- मिनरबती तुलाधर*

यस दिन मदन रत्न मानन्धरज्यूले सूत्रपिटकको चौथौं अंगुत्तर निकाय अन्तर्गत दुतिय पणासकमा भएको सुखवर्गको विषयमा प्रवचन दिनु भएको थियो ।

(२) दुतिय पण्णासकमा ५ वर्गहरू छन् । ६६ सूत्र

(१) पुग्गलवग्गो – १२ सूत्र

(२) सुखवग्गो – १३ सूत्र (सूत्र नं ६५–७७) सम्म

सूत्र नं ६५ सुखवर्ग :

सुख भन्नाले आफ्नो आफ्नो चाहना अनुसार (इच्छित) वस्तु प्राप्त हुनेलाई भनिन्छ । निरोगी भएर बाँच्नु र कलह झगडा रहित जीवनयापन गर्नेलाई सुख भनिन्छ । सुख दुई प्रकारका छन् । (१) गृहस्थी सुख गृह (२) प्रव्रज्या सुख

(१) गृहस्थी सुख :

गृहस्थी जीवन पनि एक किसिमको सुख हो र साथै बेला बखतमा धर्मकर्म गर्नुपर्छ, ध्यान भावना पनि गर्नु पर्छ । निर्दोष पूर्वक जीवनयापन गर्न सकिन्छ ।

यी दुई मध्ये प्रव्रज्या सुख श्रेष्ठ हुन्छ ।

६६ नं सूत्र कामभोग सुख र अभिनिष्क्रमण सुख

कामभोग सुख– पञ्च इन्द्रिय सम्बन्धी सुख भोग गर्नु ।

अभिनिष्क्रमण सुख– क्लेशबाट मुक्त हुनु ।

यी दुई मध्ये अभिनिष्क्रमण सुख श्रेष्ठ हुन्छ ।

६७ नं सूत्र लौकिक सुख र लोकुत्तर सुख ।

यी दुइ मध्ये लोकुत्तर सुख श्रेष्ठ हुन्छ ।

६८ नं सूत्र सामिस सुख र निरामिस सुख ।

सामिस सुख– भौतिक सुख प्राप्त हुनु ।

निरामिस सुख– आध्यात्मिक सुख प्राप्त हुनु ।

यी दुई मध्ये आध्यात्मिक सुख श्रेष्ठ हुन्छ ।

६९ सूत्र नं सासव सुख र अनासव सुख ।

यी दुई मध्ये अनासव सुख श्रेष्ठ हुन्छ ।

७० सूत्र नं आर्य सुख र अनार्य सुख ।

आर्यसुख– मार्गफल प्राप्त हुने सुख ।

अनार्य सुख– मार्गफल प्राप्त हुनु अगाडिको सुख ।

यी दुई मध्ये आर्य सुख श्रेष्ठ हुन्छ ।

७१ सूत्र नं कायिक सुख तथा चेतसिक सुख ।

कायिक सुख– शरीर सम्बन्धी सुख प्राप्त हुनु ।

चेतसिक सुख– मानसिक सुख प्राप्त हुनु ।

(२) प्रव्रज्या सुख :

प्रव्रज्या सुख भन्नाले आफ्नो घर, परिवार, सम्पत्ति सबै त्याग गरेर बस्नु र साथै क्लेशबाट मुक्त हुनेलाई मौका प्राप्त हुन्छ । प्रव्रज्याबाट प्राप्त सुख हो ।

## विषय- पट्ठान

*२०६९ पौष २८ गते, शनिवार*

*प्रवक्ता- देव काजी शाक्य*

*प्रस्तुती- राज भाइ तुलाधर*

भगवान बुद्धले प्रतिपादन गर्नु भएको अभिधर्म अन्तर्गत पर्ने पट्ठान बौद्ध साहित्यको एउटा गहन विषय हो । पट्ठान धर्मको प्रमुख स्थान हो जसलाई राम्ररी बुझ्न सकेको खण्डमा दुःखबाट मुक्ति पाउने बाटोमा अघि बढ्न सकिन्छ ।

पट्ठान अनुसार कुनै पनि कुराको स्वतन्त्र अस्तित्व हुँदैन । एउटाको आधारमा अर्कोको उत्पत्ति हुन्छ । दुइ अथवा दुइ भन्दा बढी तत्वको संयोग, संयोजनले कुनै कुरा अस्तित्वमा आउँछ । बीउ रोपे पछि बिरूवामा परिवर्तन हुनलाई घाम, पानी आदि चाहिन्छ । कुनै जीवन अस्तित्वमा आउन नाम र रूपको संयोग हुनुपर्छ । बाँसुरीबाट राम्रो धुन निस्कन्छ तर त्यो धुन बाँसुरी भित्र छैन । बाँसुरी बजाउने व्यक्ति र बाँसुरीको संयोजनले धून निस्कने हो ।

भगवानले मनलाई नै प्रमुख, प्रधान भन्नु भएको छ । संस्कार बन्ने पनि मानसिक कर्मले नै हो । पट्ठानमा मनसंग संबन्धित विभिन्न अवस्थाहरू के के कारणले कसरी उत्पन्न हुन्छ भन्ने कुरा वर्णन गरिएको छ । लोभ, द्वेष, मोह मनको प्रमुख विकार हुन् । यी विकारहरूलाई जरैदेखि हटाउन नसके सम्म मानिस दुःखबाट मुक्त हुन सक्तैन । कुनै रूखको हांगा, डांठ पुरै काटिदिए पनि जबसम्म जरा बाँकी रहन्छ रूख फेरि पलाएर आउँछ । लोभ, द्वेष, मोह पनि सत्व प्राणीलाई फेरि फेरि उत्पन्न गराइ राख्ने जरा हो । पट्ठानको उद्देश्य मनमा अलोभ, अद्वेष, अमोहको स्थिति उत्पन्न गर्नु हो । पट्ठानमा सर्वप्रथम उल्लेखित हेतुपच्चयको (मूल कारण) मा लोभ, द्वेष, मोह, अलोभ, अद्वेष, अमोहलाई छ वटा मुख्य हेतु मानिएको छ ।

बुद्ध धर्ममा विश्लेषणात्मक अध्ययन पनि हुन्छ,



Downloaded from http://www.dhamma.digital

संश्लेणात्मक पनि हुन्छ । विश्लेषणात्मक भन्नाले कुनै वस्तु जस्तो रूपमा देखिन्छ त्यसैलाई मात्र सत्य नठानिकन त्यस वस्तुको विभिन्न भागहरूलाई अलग अलग छुट्याएर अन्तिम सत्य के हो भन्ने खोजी गरिन्छ भने संश्लेणात्मक अध्ययनमा सम्पूर्ण रूपमा हेरिन्छ। भगवान बुद्ध विभज्जवादी हुनुहुन्छ तर वहाँले सम्पूर्ण रूपमा पनि वस्तु परिस्थितिको ज्ञान राख्नु हुन्छ । पट्ठानमा चित्तको विभिन्न अवस्थाहरू विश्लेषण गरेर तिनीहरू एक अर्कासंग कसरी सम्बन्धित छन् भन्ने कुराको व्याख्या पाइन्छ । कुशल चित्त उत्पन्न गर्न कस्तो परिस्थिति निर्माण गर्नु पर्छ भन्ने कुराको ज्ञान पट्ठानको अध्ययनबाट हुन्छ । चित्तको विशुद्धीकरणको लागि पट्ठान बुझ्नु आवश्यक छ । यसको विस्तृत व्याखा अर्को कक्षाहरूमा हुनेछ ।

### विषय– अंगुत्तर निकाय (दुक्क निपात)

*२०६९ भाद्र १६ गते*

*प्रवचक- मदन रत्न मानन्धर*

*प्रस्तुती- मिनरवती तुलाधर*

यसदिन मदन रत्न मानन्धरले अंगुत्तर निकाय अन्तर्गतमा भएको परिषद वर्गको विषयमा प्रवचन दिनु भएको थियो ।

यसमा दुई वर्गहरू छन् । जस्तैः- (१) भौतिक चिज ४९ नं सूत्रलाई महत्व दिने तर सद्धर्मलाई महत्व नदिने (२) सद्धर्मलाई महत्व दिने तर भौतिक चीजलाई महत्व नदिने ।

(१) भौतिक चीजलाई महत्व दिने व्यक्ति दुई भागले मुक्त हुन्छ भन्नाले आठ समापत्ति ध्यान प्राप्त हुनु र अर्हतफल प्राप्त हुनुलाई भनिन्छ । प्रज्ञाको आधारले दुःखबाट मुक्त हुनु । कायसाक्षी भन्नाले प्रज्ञा वा श्रद्धा द्वारा ८ समापतिले युत्त भएर निर्वाण साक्षात्कार भएकाहरू हुन् । श्रद्धाले विमुक्त हुनु, श्रद्धा द्वारा श्रोतापत्ति मार्ग फल प्राप्त हुनु, प्रज्ञाद्वारा श्रोतापत्ति मार्गफल प्राप्त हुनु, धार्मिक पूर्वक आचरण गर्नु, दुराचारी हुने, दृष्टिको अन्तसम्म पुगेको हुने भनेर प्रशंसा गरेर लाभ सत्कार प्राप्त गरिन्छ । त्यसबाट हुने दुश्परिणामलाई वास्ता नगरिकन परिभोग गरिन्छ ।

### लज्जा र भय

*२०६९ फागुन ५ गते, शनिवार*

*प्रवक्ता- भिक्षु अश्वघोष ।       प्रस्तुती- सुरज महर्जन*

संसारमा कुशल र अकुशल कर्महरू दुबै भै रहेको हुन्छ । कुशल असल कामहरू भए जस्तै अकुशल (खराब) कामहरू पनि धेरै भइरहेका छन् । यी कुशल कामहरू हुनुको कारण नै मनमा लज्जा र भय विद्यमान भइरहेको हो । लज्जा र भयले गर्दा नै संसार रक्षा भइरहेको छ । लज्जा भनेको आफूले नराम्रो काम गर्दा भित्री मन देखी अनुभव हुने सरम वा लज्जापन हो भने भय भनेको नराम्रो काम गर्दा खेरी कसैले केही भन्ला कि भनेर डर हुनु हो । लज्जा र भय भएन भने मनुष्यहरू जुनसुकै पाप कर्म गर्न पनि तयार हुन्छ ।

आजको दिनमा जति पनि तस्करी, भ्रष्टाचार, बलात्कार, घुसखोर भइरहेको छ त्यो सबै लज्जा र भय नभएको र जति भए पनि नपुग्ने लोभिपना र मोज मज्जामा भुल्ने बानीले गर्दा भएको हो । लज्जा र भय नहुनाले नै अकुशल कर्महरू धेरै भइरहेका हुन्छन् । जुन कारणले गर्दा मानिसहरूले पाप कर्मको संस्कार बनाइरहेका हुन्छन् । जति पनि पाप कर्मका संस्कार बढ्छन् मनुष्यहरूले त्यति नै धेरै मात्रामा दुःख भोग्न परिरहेको हुन्छ ।

मनुष्यहरूले चार अवस्थामा पाप कर्म गरिरहन्छन् भनेर भगवान् बुद्धले भन्नुभएको छ । ती हुन् (१) युवा अवस्था, (२) धन सम्पत्ति, (३) प्रभुत्व र (४) अविवेकपूर्ण (राम्रो सँग विचार नगर्नु) । यी मध्ये कुनै एक मात्रले काम गरे पनि अनर्थ हुन्छ। यी चार अवस्थामा मनुष्यहरू अज्ञानतामा परिरहेका हुन्छन् जसले गर्दा पाप कर्मतिर ढल्किन्छन् ।

यसको विपरीत भगवान बुद्धले चारवटा स्मरण योग्य कुरा बताएका छन् जस्ले गर्दा व्यक्तिहरू पाप कर्मबाट बच्दछन् ।

(१) जाति : ठूलो जातले पाप गर्न हुँदैन भनी पाप कर्म गर्न देखि लज्जाउँछ । (२) वैंश उमेर नपुगेका बच्चाहरूले मात्र पाप कार्य गर्छन् । वैंश पुगिसकेकोले पाप कार्य गर्न हुँदैन भनी पाप कर्मबाट बचेर रहनु । (३) पुरुषार्थ : कमजोर र निर्धन व्यक्तिहरूले मात्र पाप कर्म गर्ने हुन म जस्तो पुरूषार्थ भएको व्यक्तिले पाप कर्म गर्नु हुँदैन भनी खराब काम गर्नुबाट बच्दछ । (४) विद्वता : विद्वानहरूले नराम्रो नहुने गर्नु हुँदैन इज्जत जान्छ भनी लाज मानेर पनि खराब काम गर्दैन । यसरी यी चार कारणले पाप कर्म गर्नबाट लाज र भय भइ रहने हुन्छ । आज व्यक्तिको चरित्र विकासको लागी यी दुई लज्जा र भयको गुण स्वभाव विकसित गर्नु नितान्त आवश्यक भएको छ ।



Downloaded from http://www.dhamma.digital

# अल्पकालिन श्रामणेर एवं ऋषिणी प्रव्रज्या



*अल्पकालिन श्रामणेर एवं ऋषिणी प्रव्रज्यामा सहभागी बालबालिकाहरूकासाथ प्रशिक्षकहरू*

*२०६९ पौष २१–२७ सम्म*
*स्थान- विपश्यना विहार, सानो भ्याङ्ग, स्वयम्भू*
*प्रस्तुती- इन्दावती गुरुमां*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीद्वारा वर्षेनी सञ्चालन गरिँदै आएको अल्पकालिन श्रामणेर एवं ऋषिणी प्रव्रज्या कार्यक्रम मध्ये यसपाली काठमाडौंको सानो भ्याङ्ग स्वयम्भू स्थित "रत्न विपश्यना विहार" मा बान्हौं पटकको प्रव्रज्या कार्यक्रम सम्पन्न भएको छ। पौष २१ गते देखि २७ गते सम्म सञ्चालित उक्त कार्यक्रममा ९ बर्ष देखि १५ वर्ष सम्मका ३९ जना बाल बालिकाहरूले नवाङ्ग शील पालन गरी भाग लिएका थिए। ती मध्ये ९ जना बालकहरू श्रामणेर प्रव्रज्या भएका थिए भने ३० जना बालिकाहरू ऋषिणी प्रव्रज्या भएका थिए।

पौष २१ गते दिउँसो रत्न विपश्यना विहारको धम्महलमा ध्यान आर्चाय सयादो उ सुजनपिय को सभापतित्वमा र भिक्षु धर्ममूर्ति महास्थविरको प्रमुख अतिथ्यमा संचालित प्रव्रज्या कार्यक्रममा ध.की बौ. अध्ययन गोष्ठीका सचिव लोचनतारा तुलाधरले स्वागत भाषण गर्नु भएको थियो। रीना तुलाधरले संचालन गर्नु भएको उक्त कार्यक्रम संयोजिका इन्दावती गुरुमांले कार्यक्रम सम्बन्धी मन्तव्यका साथै कार्यक्रमको झलक प्रस्तुत गर्नु भएको थियो। रत्न विपश्यना विहारका प्रमुख निर्मलज्ञाणी गुरूमांले पनि मन्तव्य व्यक्त गर्नु भएको उक्त कार्यक्रममा अर्का संयोजिका अमीर कुमारी शाक्यले कार्यक्रमको नियम प्रस्तुत गर्नु भएको थियो। सो पश्चात् श्रद्धेय सयादो उ सुजनपियले ९ जना बालकहरूलाई शील प्रार्थना गराउनु भई प्रव्रज्या गराउनु भयो भने त्यागवती गुरूमांले ३० जना बालिकाहरूलाई शील प्रार्थना गराउनु भई ऋषिणी प्रव्रज्या गराउनु भएको थियो। अन्त्यमा भिक्षु धर्ममूर्तिले धर्मदेशना गर्नुभई सभा विसर्जन गर्नुभएको थियो।

पौष २१ गते देखि २७ गते सम्म संचालित उक्त साप्ताहिक कार्यक्रममा नैतिक शिक्षा, ध्यानभावना, बुद्धपूजा, चित्रकला, उद्घोषण तालिम, स्वास्थ्य शिक्षा, सरसफाई, टि.भि.मार्फत् बुद्ध शिक्षा सम्बन्धी दृष्यहरू प्रदर्शन एवं अन्य रचनात्मक, मनोरञ्जक कार्यक्रमहरू सञ्चालन गरिएको उक्त शिविरको कार्यक्रम र प्रशिक्षकहरूको तालिका यसरी रहेको छ ।

## धर्मकीर्ति पत्रिका नवीकरण सम्बन्धी सूचना

**धर्मकीर्ति पत्रिकाको वार्षिक ग्राहक शुल्क वि.सं. २०६९ चैत्र मसान्तसम्ममा समाप्त हुने भएकोले आगामी वर्ष २०७० साल वर्ष–३१ अङ्क १ देखि १२ सम्मको वार्षिक ग्राहक शुल्क नवीकरण गर्न हुनका लागि सम्पूर्ण ग्राहक महानुभावहरूलाई हार्दिक अनुरोध गर्दछौं। ग्राहक शुल्क रु. १००/– कायम नै रहेको कुरा पनि जानकारी गराइन्छ।**



Downloaded from http://www.dhamma.digital

## अल्पकालिन श्रामणेर एवं ऋषिणी प्रव्रज्या कार्यक्रम तालिका वि.सं. २०६९

| क्र.सं. | मिति | प्रवचक | विषय | प्रशिक्षक | विषय |
|---|---|---|---|---|---|
| १ | पौष २१ | भिक्षु धम्ममूर्ति | प्रव्रज्या | इन्दावती गुरुमां | नैतिक शिक्षा |
| २ | पौष २२ | सयादो उ सुजन पिय | ध्यानभावना | भि. पियदस्सी<br>नर्स सानु केशरी | बुद्ध जीवनी<br>स्वास्थ्य शिक्षा |
| ३ | पौष २३ | इन्दावती गुरुमां | अष्टशील | भिक्षु उत्तमो<br>शुभ रत्न शाक्य | चित्रकला<br>बुद्ध पूजाविधि |
| ४ | पौष २४ | भिक्षु वोधिज्ञान | श्रामणेर विनय | भिक्षु पञ्ञारतन<br>रीना तुलाधर | मंगल सुत्त<br>प्रारम्भिक बुद्धशिक्षा |
| ५ | पौष २५ | वीर्यवती गुरुमां | माता पिताको अनन्त गुण | मेत्तावती गुरुमां<br>अनुपा श्रेष्ठ<br>सरोज मानन्धर | मंगल सुत्त<br>उद्घोषण कला<br>कागजको सामान हस्तकला |
| ६ | पौष २६ | निर्मल ञाणी गुरुमां | चतुआर्य सत्य र आर्य अष्टाङ्गिक मार्ग | इन्दावती गुरुमां<br>अरुण सिद्धि तुलाधर<br>विकाश तुलाधर | दश पारमिता<br>शुरु शुरु न्ह्चसः<br>खुरु खुरु सिरपाः |
| ७ | पौष २७ | सयादो उ सुजन पिय | ओवादोपदेश | भि. धम्ममूर्ति | प्रव्रज्या |

पौष २७ गते ध्यानाचार्य सयादो उ सुजनपियको सभापतित्वमा, भिक्षु धम्ममूर्ति र भिक्षु उत्तमोको प्रमुख आतिथ्यमा प्रव्रज्या शिविरको समापन समारोह सम्पन्न गरिएको थियो । ऋषिणी बालिकाहरू सिरपा चित्रकार र समृद्धि श्रेष्ठले उद्घोषण गरेको उक्त कार्यक्रममा विमुक्ता तुलाधर र आश्विनी मानन्धरले स्वागत गान प्रस्तुत गरेका थिए । यसरी नै कविता महर्जनले स्वागत भाषण गरेको थियो । उक्त कार्यक्रममा इन्दावती गुरूमां, यचु स्थापित, स्वस्तिका रञ्जित, निर्मल ञाणी गुरूमां र इन्द्रकुमार नकर्मी आदिले आ-आफ्ना मन्तव्य व्यक्त गर्नुभएका थिए ।

अल्पकालिन प्रव्रज्या शिविर कार्यक्रममा निरन्तर ३ पटक वा सोभन्दा बढि सहभागी भएका बाल बालिकाहरूलाई सयादो उ सुजनपियबाट पुरस्कार प्रदान गर्नुभएको थियो । पुरस्कार प्राप्त गर्न सफल बाल-बालिकाहरूको नाम यसरी रहेको छ–

आश्विनी मानन्धर, रूजा कंसाकार, र आयुषा तुलाधर (३ पटक सम्म ऋषिणी प्रव्रज्या कार्यक्रममा निरन्तर सहभागी)

५ पटक सम्म ऋषिणी प्रव्रज्या कार्यक्रममा निरन्तर सहभागी हुने सिरपा चित्रकार ।

६ पटक सम्म ऋषिणी प्रव्रज्या कार्यक्रममा निरन्तर सहभागी हुने विमुक्ता तुलाधर ।

श्रद्धेय धर्ममूर्ति भन्तेले चित्रकला प्रतियोगितामा विजयी बालबालिकाहरूलाई पुरस्कार प्रदान गर्नुभएको थियो । विजयी बालबालिकाहरूको नाम यसरी रहेका छन्–

विमुक्ता तुलाधर – प्रथम पुरस्कार
समृद्धि श्रेष्ठ – द्वितीय पुरस्कार
सविका महर्जन – तृतीय पुरस्कार
स्तुती तुलाधर – सान्त्वना पुरस्कार

यसरी नै कागजबाट हस्तकला सामान बनाउने प्रतियोगिता पुरस्कार प्राप्त गर्न सफल प्रतियोगीहरू यसरी थिए– निबोधिता तुलाधर, समृद्धि श्रेष्ठ – प्रथम पुरस्कार
स्तुती तुलाधर, आयुष तुलाधर – द्वितीय
विमुक्ता तुलाधर, सिरपा चित्रकार – तृतीय
राहुल नकर्मी, इषान नकर्मी – सान्त्वना

रत्नविपश्यना विहारले प्रव्रज्या कार्यक्रम सञ्चालनको लागि स्थान उपलब्ध गराईदिनु भएकोले विहार प्रमुख निर्मलञाणी गुरुमांलाई इन्दावती गुरुमांले



Downloaded from http://www.dhamma.digital

धर्मउपहार चढाउनु भएको थियो भने अमीर कुमारी शाक्यले कार्यक्रम सञ्चालनका लागि सहयोग गर्नुहुने सहयोगीहरू सबैलाई धन्यवाद, ज्ञापन गर्नुभएको थियो। कार्यक्रमको अन्त्यमा सयादो उ सुजनपिय र भिक्षु धर्ममूर्तिले ओवादोपदेश दिनुभई सभा विसर्जन गर्नु भएको थियो।

प्रव्रज्या समारोहमा सहभागी वालबालिकाहरूको नामावली–

**श्रामणेर हुने बालकहरू :**

(१) नीलः मानन्धर (२) सुशान्त मानन्धर (३) राहुल नकर्मी (४) यचु स्थापित (५) प्रजन महर्जन (६) इसान नकर्मी (७) प्रज्ञान नकर्मी (८) आश्रय तुलाधर (९) नीज तुलाधर

**ऋषिणी हुने बालिकाहरू :**

(१) आश्विनी मानन्धर (२) आयुष्मा शाक्य (३) प्रशन्ना शाक्य (४) रिया शाक्य (५) प्रशन्ना शाक्य (६) कृष्ण श्रेष्ठ (७) सनक्रिजा श्रेष्ठ (८) सितु स्थापित (९) निर्पणा नकर्मि (१०) मलिन स्थापित (११) आयुष्मा ताम्राकार (१२) स्वस्तिका दली (१३) निबेधिता तुलाधर (१४) रूजा कंसाकार (१५) स्तुती तुलाधर (१६) लुनिभा तुलाधर (१७)दिया श्रेष्ठ (१८) श्रावस्ती तुलाधर (१९) सिरपा चित्रकार (२०) रूमी महर्जन (२१) अतुसा शाक्य (२२) आयुषा तुलाधर (२३) विमुक्ता तुलाधर (२४) स्वस्तिका रञ्जितकार (२५) समृद्धि श्रेष्ठ (२६) युगिना तुलाधर (२७)कविता महर्जन (२८) सुनिमा श्रेष्ठाचार्य (२९) सविका महर्जन (३०) निरमा नकर्मी।

# अल्पकालिन श्रामणेर एवं ऋषिणी प्रव्रज्या कार्यक्रमको आय व्यय विवरण :

*प्रस्तुती- अमीर कुमारी शाक्य*

प्रवज्या शिविर सञ्चालनको लागि यथा श्रद्धा दान गरी पुण्य सञ्चय गर्ने दाताहरूको नामावली–

**जलपान दाताहरू :**

(१) बुद्ध कुमारी मानन्धर (२) बसुमाया र सरीता प्रजापती (३) रमेश शाक्य (आयुष) (४) छोरी मैंया महर्जन (५) स्तुती तुलाधर र युगिना तुलाधर (६) दुर्गा रेग्मी र अम्बिका श्रेष्ठ (७) रमेश शाक्य र इन्दिरा शाक्य (८) अशोक मान ताम्राकार (९) धनबहादुर नकर्मी

**भोजन दाताहरू :**

(१) पद्म शोभा कंसाकार (२) निजः लूनिभाः र राज्ञा (३) श्रावस्ती तुलाधर (४) मैंया श्रेष्ठ, मलिना श्रेष्ठ, इन्द्र शाक्य (५) अतुशा शाक्य बनेपा (६) युगिना तुलाधर र स्तुति तुलाधर

**जुस दाताहरू :**

(१) रामलाल श्रेष्ठ (२) प्रशन्न शाक्य
(३) राजेश तुलाधर (निवेदिता) (४) सुनिभा श्रेष्ठाचार्य
(५) स्वयम्भू रत्न तुलाधर

**मिश्री काँडा दाताहरू :**

(१) राम कुमारी मानन्धर (२) शान्ति शाक्य

**विविध दाताहरू :**

(१) सुभद्रा स्थापित (२) सूर्यकाजी शाक्य (३) श्रद्धा कमल र जुनु कमल (४) प्रमोद वीर सिंह तुलाधर र उर्मीला तुलाधर (५) दुर्गा रेग्मी र अम्बिका श्रेष्ठ (६) सुमित्रा तुलाधर (७) ऐश्वर्य ताम्राकार (८) मीना तुलाधर (९) सरोज मानन्धर र अम्विका श्रेष्ठ (१०) अरूण सिद्धि तुलाधर, विकाश तुलाधर र इन्द्र कुमार नकर्मी।

यस प्रव्रज्या कार्यक्रममा श्रामणेर र ऋषिणीहरूलाई अभिभावकहरूले दिएको दानको रकम आयोजक समितिद्वारा संकलन गरेको रु. ४१०६/५० मा नपुग रकम थपी रत्न विपश्यना विहारलाई नगद रु. ५०००/– चन्दा प्रदान गरिएको थियो। यसरी नै पानीको लागि रु. १०००/- गरी जम्मा रु. ६०००/– चन्दा प्रदान गरिएको थियो।

यसरी अल्पकालिन श्रामणेर एवं ऋषिणी प्रव्रज्या कार्यक्रमको आय व्यय विवरण यसरी रहेको छ।

| | |
|---|---|
| **कूल आय** | रु. १,११,९७६/– |
| **कूल खर्च** | रु. ७८,७४५/– |
| **बाकी रकम** | रु. ३३,२३९/– |



Downloaded from http://www.dhamma.digital

# धर्म प्रचार

# समाचार

## छाम डुब्पा (ध्यान साधना)

सिन्धुपाल्चोक, २०६९ भाद्र २८ देखि पौष ७ सम्म ओर्ग्यान टशि छ्योस्लिङ, गोम्पा (जेठाल) ७ का प्रमुख कर्म लामाको अगुवाईमा उक्त गोम्पाको ७ जना लामाहरूले महायान बौद्ध परम्परा नुसार च्यान डाँडामा सामूहिक गुफा (ध्यान) बसेर परम्परागत रूपमा चलि आएको गुरू परम्परालाई निरन्तरता दिने काम गरेको समाचार प्राप्त भएको छ। ध्यान बस्ने क्रममा ज्याङलेर डुब्कोर नम्सुम नामक ग्रन्थ विषयमा धार्मिक शिक्षा र आध्यामिक ज्ञान विकास गर्ने उद्देश्यले ध्यान बसेको कुरा प्राप्त समाचारमा उल्लेख गरिएको छ।

## २५५७ औ आयु संस्कार परित्याग दिवस

*२०६९ फागुन १४ गते। स्थान- नगदेश, ठिमी*

नगदेश बौद्ध समूह र बौद्ध ल्याम्हे पुचः नगदेशको संयुक्त आयोजनामा भगवान् बुद्धको २५५७ औं आयु संस्कार परित्याग दिवस मनाइएको समाचार प्राप्त भएको छ। डा. सानुभाई डंगोलको प्रमुख अतिथ्य र दीपकराज सांपालको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा धर्मवहादुर तकोले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो।

मन्तव्य व्यक्त गर्ने क्रममा कृष्णकुमार प्रजापतीले बौद्ध जगतमा माघ पूर्णिमाको महत्व विषयमा चर्चा गर्नु हुँदै आजभन्दा २५५६ वर्ष अघि माघ पूर्णिमाका दिन भगवान बुद्धले ऐतिहासिक चापाल चैत्यमा भगवान बुद्धले आयु संस्कार परित्याग गर्ने घोषणा गर्नुभएको र यही दिन चतुरंगी सन्निपातको घटना भएको विषयमा विश्लेषण गर्नु भएको थियो। यसरी नै उक्त कार्यक्रममा मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो– डा. लक्ष्मण शाक्य, रत्नभक्त हाँय्जु, दीपकराज सांपाल, आदि।

## प्रथम ऐतिहासिक वृहत पवित्र महापरित्राण पाठ

*२०६९ फागुन १९ गते, शनिवार*

*स्थान- हनुमान ढोका परिसर*

भिक्षु आनन्द (पूर्व सभासद), विनोद तुलाधर (अध्यक्ष) महादेव मखन क्लब), प्रकाश ताम्राकार (अध्यक्ष) श्री श्वेत भैरव भजन खलः र श्रीमीला सुवाल (अध्यक्ष-महिला बौद्ध समूह) को संयुक्त आयोजनामा आयोजित एक कार्यक्रममा हनुमान ढोका परिसरमा पूज्य भिक्षु महासंघबाट दिनभर पवित्र महापरित्राण पाठ सम्पन्न भएको छ।

नेपाली जनता लगायत संसारका सम्पूर्ण सत्व प्राणीहरूको सुख शान्ति कामना गरी आयोजना गरिएको उक्त पवित्र समारोहमा सहभागी हुनुभएका पूज्य भिक्षु, भिक्षुणी (प्रव्रजित गुरुमांहरू) लगायत सबै उपासकोपासिकाहरूलाई जलपान, भोजनको व्यवस्था गरिएको थियो।

महापरित्राणपाठको क्रममा भिक्षु भिक्षुणीहरूलाई आयोजक लगायत अन्य उपासकोपासिकाहरूले सश्रद्धा दान प्रदान गरिएको थियो भने कार्यक्रममा भिक्षु महासंघलाई अष्टपरिकार पनि दान गरिएको थियो।

कार्यक्रमको शुरूमा हनुमानढोका देखि मखन इन्द्रचोक, न्यूरोड, बसन्तपुर हुँदै हनुमानढोका मण्डपसम्म बाजा गाजा सहित बुद्धमूर्ति शोभायात्रा गरिएको थियो। त्यसपछि शील प्रार्थना र बुद्धपूजा पछि भिक्षु आनन्दको तर्फबाट धर्मदेशना र श्रीमीला सुवालको तर्फबाट स्वागत मन्तव्य व्यक्त गरिएको थियो।

मन्तव्य व्यक्त गर्ने क्रममा माननीय संस्कृती मन्त्री केशवमान शाक्य थाइल्याण्ड र श्रीलंकाका राजदूतहरू लगायत पूर्वमन्त्री माओवादी महिला नेतृ हिसीला यमी आदिबाट आ-आफ्नो मन्तव्य व्यक्त गरिएको थियो।

## दान गरेको आँखाको सफल प्रत्यारोपण


नगदेश निबासी नगदेश बुद्ध विहारलाई जग्गा दान गर्ने उपासक भाईराम घजु र उपासिका ज्ञानीमाया घजुको साँहिला पुत्र “सुरेन्द्र घजु” यही २०६९ फागुन १ गते ४२ वर्षको उमेरमा देहावसान भएकोले नगदेशस्थित मसान घाटमा मृतक सुरेन्द्र घजुको दुवै आँखा परिवारजनको सहमतिमा तिलगंगा आँखा प्रतिष्ठानलाई कल्याणमित्र श्री शंख नारायण त्वायनाको सहयोगमा दान गरी दान उप-पारमिता जस्ता पुनित कार्य सम्पन्न गरिएको समाचार छ।

यसरी दान गरेको आँखा मध्ये एउटा आँखा काठमाडौं महाराजगञ्जनिवासी २३ वर्षीय “पन्त” थरका युवकलाई सफल प्रत्यारोपण गरिएको र अर्को आँखा नुवाकोट निवासी ४८ वर्षीय “शर्मा” थरकी प्रौढ महिलालाई सफल प्रत्यारोपण गरिएको कुरा बुझीन आएको छ। अतः यस्तो पुण्यमयी दानशाली कार्यानुभावले मृतक सुरेन्द्र घजुको सद्गति र निर्वाणको साथै शोकाकुल घडीमा शोकसन्तप्त परिवारजनले धैर्य धारण गर्न सकोस् भनी नगदेश बौद्ध समूह परिवारले कामना गरिएको कुरा समाचारमा उल्लेख गरिएको छ।



Downloaded from http://www.dhamma.digital

## चाँगु नारायणय् बुद्ध प्रतिमा स्थापना



चाँगुनारायणय् स्थापित बुद्ध प्रतिमा

*२०६९ माघ १३ गते।* *स्थान- चाँगुनारायण।*

ज्ञानमाला भजन स्वयम्भूया ग्वसालय् आजीवन जः व धर्म पासापिनि सहयोगं ४ फीट २ इन्च तःधिकःम्ह ल्वहँया बुद्ध प्रतिमा ४ $^1/_2$ फिट आसन तयाः स्थापना याःगु समाचार दु। प्राप्त समाचार कथं उगु बुद्ध प्रतिमा संघनायक भिक्षु अश्वघोष महास्थविरं, चाँगुया थाकुली दीर्घमान श्रेष्ठ व खलः नायो स्वम्ह जाना उलेज्या याना बिज्यागु खः। ज्याभ्वले पूर्णकाजी ज्यापुं सभा सञ्चालन याना दीःगु खःसा तीर्थ महर्जनं खलःया उद्देश्य व परिचय न्ह्यब्वयादीगु खः। सुवर्ण शाक्य व पुष्पमानं आयब्यय प्रस्तुत यानादीगु खः। आनन्द भन्ते नं बुद्धपूजा ज्याभ्वः न्ह्याका बिज्यागु खः।

## आनन्दकुटी विद्यापीठयात बुद्ध मूर्ति दान

*२०६९ फागुन ७ गते*


*स्थान- मैत्री बोधिसत्व महाविहार प्राङ्गण*

समाजय् ह्यूपाः वयेकेत थःपाखें कुतः यायेमाः व समाजया ज्या बाँलाकाः वनेमाः धयागु उद्देश्य ज्वनाः थःगु जीवन समर्पण यानादीम्ह समाजसेवी गुलुपाः व बुद्ध मूर्ति दाता जीवरत्न स्थापित (गुलपाः रत्न) पाखें आनन्दकुटी विद्यापीठ स्वयम्भूया लागि बुद्ध मूर्ति लःल्हाःगु समाचार दु। प्राप्त समाचार अनुसार उगु बुद्ध मूर्ति विद्यापीठया प्रधानाध्यापक कृष्णकली शाक्ययात लःल्हाःगु खः। समाचारय् उल्लेख जूकथं दिनाच्वंगु उगु आनन्दकुटी विद्यापीठयात न्हूकथं न्ह्याकेगु ताःतुनाः न्हापांपिं शिष्यपिं भद्रमान तुलाधर, प्रवन्ध निर्देशक शैलेन्द्र बज्राचार्य, प्रधानाध्यापक व ज्या क्वबुइम्ह सुजन बज्राचार्यपिं जानाः थुगु विद्यापीठयात आनन्दकुटी बोर्डिङ्ग स्कूलय परिणत यायेत्यंगु खः।

वि.सं. २०५१ मालं निसें गुलुपाः दान याय्गु ज्या न्ह्याकादीम्ह जीवरत्न स्थापितं वि.सं २०६६ सालंनिसें बुद्धमूर्ति दान याय्गु ज्याभ्वः न्ह्याकूगु खः। थुगु हे कार्यक्रम अनुसार आः तक वय्कलं २७ म्ह बुद्धमूर्ति दान याय् धुंकूगु खँ समाचारय् उल्लेख जुयाच्वंगु दु। थुगु



Downloaded from http://www.dhamma.digital




*दान ब्यूगु बुद्ध मूर्ति*

ज्याभ्वःले केशावती गुरुमा नं बुद्ध पूजा व धर्मदेशना याना बिज्याःगु खःसा धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन पाखें भजन प्रस्तुत याःगु ख ।

जलपान याकादीम्ह कान्छीमाया शाक्य पाखें भजनयात १,०००/– दां गुहाली कथं बियादीगु खः ।

## निक्वःगु दुर्लभ गुरुमां प्रव्रज्या

किपू । नगर मण्डप श्री कीर्ति विहार कीर्तिपुर थ्वहे फागुन २५ गते निसें श्रद्धेय भन्तेपिं गुणघोष व सयादोजु पाखें दुर्लभ गुरूमां प्रव्रज्या व ऋषिणी प्रव्रज्या न्ह्याका विज्याःगु समाचार दु ।

श्रद्धेय भन्तेपिंपाखें प्रव्रजित जुया बिज्यापिं गुरुमांपिन्त बौद्ध शासन कथं नामाकरण यानादिसें दश शील प्रदान याना बिज्यागु खः ।

थ्वया न्ह्यः गुरुमां जुयादीपिं १४ म्हसित श्रद्धेय माधवी गुरूमां पाखें प्रव्रज्या वस्त्र व ९ गुम्हसित ऋषिणी वस्त्र लःल्हानाः बिज्यागु खः ।

न्हापांगु प्रव्रजित न्ह्याःगु दिं कुन्हु श्रद्धेय भन्तेपिं गुणघोष, सयादो व माधवी गुरुमां पाखें धर्म देशना यानाः बिज्यागु खः ।

थ्वहे भ्वलय् सन्ध्याकालय् न्हिया न्हिथं श्रद्धेय सोना गुरूमां पाखें विपश्यना ज्ञान नाप नापं आनापाना स्मृति ध्यान भ्मींगु शरीरय् सासः दुहां वःगु पिहां वनिगु स्वयेगु अभ्यास याका बिज्याःगु खः । अथे हे फागुण ३० गते कुन्हु गुरूमां प्रव्रज्या जुया दीपिन्त किपूया नयाँ बजारय् भिक्षाटन यानाबिज्याःगु खः ।

थ्व अनागारिका ज्याभ्वः ने.सं. ११०६ अक्षय तृतिया कुन्हु श्रद्धेय भिक्षु प्रज्ञानन्द महास्थविर व भिक्षु सुदर्शन महास्थविर पाखें न्ह्यपांगु ज्याभ्वःथुगु हे विहारय् सम्पन्न जूगु खः

थुगु निक्वःगु दुर्लभ गुरुमां प्रव्रज्या व ऋषिणी प्रव्रज्या श्रद्धेय मीना गुरुमांया प्रमुख अतिथित्वय् क्वचाः गु खँ समाचारय् उल्लेख जुयाच्वंगु दु ।

## स्वयम्भू ज्ञानमाला भजन खलःया ७५ दँ बुदिं

*२०६९ फागुन २६ गते ।   थाय्- राष्ट्रिय नाचघर ।*

ज्ञानमाला भजन खलः स्वयम्भूया ७५ दँ बुदिंया लसताय् ९० म्ह व्यक्तिपिन्त हनेगु ज्या क्वचाःगु बुखँ दु । भिक्षु आनन्दया मू पाहाँसुई न्ह्याःगु उगु ज्याभ्वले ज्ञानमाला भजन समूहया आजीवन जःपिन्त बुद्धमूर्ति नापं प्रमाण पत्र लःल्हायेगु ज्याभ्वः क्वचाःगु खः । थुगु हे ज्याभ्वः भिक्षु अश्वघोष महास्थविरयात संघनायक पदवी प्राप्त जूगु उपलक्ष्य कयाः नं वसपोलयात बुद्ध मूर्ति व प्रमाण पत्र देछाःगु प्राप्त बुखँय् न्ह्यब्वयातःगु दु ।

ज्ञानमाला भजन प्रस्तुत यानाः भिक्षु अश्वघोष समक्ष पञ्चशील प्रार्थना याय् धुंकाः स्वयम्भू ज्ञानमाला भजन खलःया सचिवं ज्ञानमाला हीरक जयन्ती बारे न्ववासे ज्याभ्वः न्ह्याकादीगु खः । प्राप्त बुखँय् अंगुलिमाल प्याखँ प्रदर्शन ज्याभ्वः क्वचाःगु खँ नं उल्लेख जुयाच्वंगु दु ।

### बुद्ध सम्बन्धी केही जानकारी

❀ श्रोतापन्न (= **पक्कै निर्वाण प्राप्त गर्ने**) **हुनलाई तलका अंगहरूले पूर्ण हुनु अत्यावश्यक छ–**

(क) सत्पुरुषहरूको संगत

(ख) धर्म कथा सुन्नु

(ग) सम्यक् दृष्टि (=उचित प्रज्ञा)

(घ) पुण्य संस्कार

*(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/६६

अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जितवा निरूज्भन्ति तेसंऊपसमो सुखो ॥



*जन्म :*
वि.सं. १९८६ भाद्र १ गते
*(एकादशी तिथि शुक्रवार)*

*दीवंगत :*
वि.सं. २०६८ चैत्र २७ गते
*(तृतिया तिथि सोमवार)*

## दिवंगत श्रीमती ज्ञानदेवी श्रेष्ठाचार्य

**कर्णदेवी भोजन पुचः धर्मकीर्ति विहारया दुजः जुयादीम्ह**
**दिवंगत श्रीमती ज्ञानदेवी श्रेष्ठाचार्य यात**
**निर्वाण पद प्राप्त जुयेमा धकाः**
**कामना यासे श्रद्धाया स्वाँ देछाना च्वना ।**

Dhamma.Digital

*काय् व भौं :*

**अशोकरत्न श्रेष्ठाचार्य, गुणकेशरी श्रेष्ठाचार्य**

*म्ह्यायुपिं :*

**चिनियादेवी कंसाकार, चन्द्रहेरा श्रेष्ठाचार्य**

*छयुपिं :*

**अभिषेक श्रेष्ठाचार्य, अखिलेश श्रेष्ठाचार्य, रत्नसागर कंसाकार**
**विद्यासागर कंसाकार, अमृतसागर कंसाकार, अन्जु तुलाधर**

## कर्णदेवी भोजन पुचः धर्मकीर्ति विहारया
## सकल दुजः पासापिं

मुद्रकः न्यू नेपाल प्रेस *प्रधान कार्यालयः* १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोनः ४४३४८५०, ४४३४७५३ | फ्याक्सः ४४३३९२९ | newnepalpress@gmail.com
*व्यापारिक कार्यालयः* शुक्रपथ, काठमाडौं | फोनः ४२५९०३२, ४२५९४५० | फ्याक्सः (९७७-१) ४२६४७३७ | email: newnepalpress011@gmail.com

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY




२०६९ फागुन १९ गते हनुमान ढोकामा आयोजित महापरित्राण कार्यक्रममा
मन्तव्य व्यक्त गर्नुहुँदै भिक्षु आनन्द

वर्ष-३०; अङ्क-१२ बु.सं. २५५६, फागु पुन्हि

Downloaded from http://www.dhamma.digital

Front Cover Page

## वर्ष ३०, अङ्क १ देखि १२ सम्म धर्मकीर्ति पत्रिका ग्राहक बनाई सहयोग गर्नुहुने महानुभावहरू

१) प्रेमलक्ष्मी तुलाधर, ङत
२) कर्णदेवी तुलाधर, भोटाहिटी
३) ज्ञानदेवी शाह, कालिमाटी
४) प्रेमशोभा कंसाकार, डल्लु
५) मन्दिरा ताम्राकार, मरु
६) वीरेन्द्र शाक्य, पाटन
७) अमिरकुमारी शाक्य, ढल्को
८) सरीता मानन्धर, कमलादी
९) जनकमाया रञ्जित, छाउनी
१०) सिसिल चित्रकार, मैती
११) चम्पा महर्जन, त्यौड
१२) नीलशोभा ताम्राकार, भोटाहिटी
१३) बौद्ध जन विहार, सुनाकोठी
१४) प्रदीप शाक्य, नयाँ बानेश्वर
१५) रुपशोभा शाक्य, सामाखुसी
१६) त्यागवती गुरुमाँ, धर्मकीर्ति विहार
१७) प्रफूल्लकमल ताम्राकार, सितापाइला
१८) विकाशरत्न तुलाधर, बोधिचुक असन
१९) अगम्यरत्न कसाः, मासंगल्ली
२०) रविनारायण मानन्धर, तँलाक्षी
२१) पूर्णहिरा तुलाधर, टेंगल
२२) कृष्णकुमार प्रजापती, नगदेश ठिमी
२३) चमेली गुरुमां, धर्मकीर्ति विहार
२४) ज्ञानेन्द्र महर्जन, चागल
२५) रोशनकाजी तुलाधर, भोटाहिटी
२६) अशोककुमार महर्जन, नयाँबजार
२७) मिनशोभा शाक्य, टेंगल
२८) महेन्द्रकुमार उपासक, कीर्तिपुर
२९) श्यामलाल चित्रकार, भाटभटेनी
३०) रामकृष्ण वैद्य, भक्तपुर
३१) कमल बज्राचार्य, झ्वावहाः
३२) प्रेमकाजी बनिया, झ्वःछेँ
३३) कमला बज्राचार्य, वसन्तपुर
३४) इन्दावती गुरुमां, धर्मकीर्ति विहार
३५) दसनारायण महर्जन, खुसीबुं
३६) अनुपमा गुरुमां, धर्मकीर्ति विहार
३७) हिराकाजी सुजिका, नागवहाःयल
३८) दानवती गुरुमां, धर्मकीर्ति विहार
३९) अश्वघोष भन्ते, संघाराम विहार
४०) राहुल भन्ते, बनेपा
४१) वीर्यवती गुरुमां, धर्मकीर्ति विहार
४२) धनबहादुर नकर्मी, ढल्को
४३) रामेश्वरी महर्जन, बनस्थली
४४) तारादेवी तुलाधर, तँलाक्षी

**काठमाडौंबाट बाहिरी जिल्लाका–**

४५) विमल बहादुर शाक्य, बुटवल
४६) नीलकुमारी स्थापित, धरान
४७) विद्या शाक्य, धरान
४८) याम शाक्य, बेनी
४९) लालबहादुर चौधरी, उदयपुर

*ग्राहक बनाई सहयोग गर्नुहुने महानुभावहरूलाई धर्मकीर्ति पत्रिकाले साधुवाद प्रकट गरी अर्को वर्षमा पनि यसरी नै सेवा पुऱ्याई पूण्य आर्जन गर्न सकुन् भनी कामना गरेका छौं।* – *व्यवस्थापक*

## बुद्धको सन्देश

✍ **राजीब बज्राचार्य**
*भिन्छेबहाल, ल.पु.*



बुद्धको सन्देश बोकी हिंडीरहें म
कहाँ छौ तिमी बुद्ध
जानी नजानी पुकार्दै रहें आज
कैयौं जन्मको घेरा बन्दी गर्दै
तिमी महान बुद्ध भयौ आज
दिनरात पुकारीन्छ छब्बिस सय

वर्ष पछाडि पनि
तिम्रो लीला अपरम्पार
तिमीलाई गर्छु म कोटी कोटी प्रणाम्
बुद्धको सन्देश बोकी हिंडीरहें म
कहाँ छौ तिमी बुद्ध ?

ध्यान मग्न भई म
ज्ञानको दियो बाली
अज्ञानतालाई ज्ञानले धपाई
तिम्रो पीछा गर्दै जिई रहेको छु आज
बुद्धको सन्देश बोकी हिंडीरहें म
कहाँ छौ तिमी बुद्ध ?

अनायाश खोजी गर्दै
तिम्रो आभास पाएँ मैले आज
तिमीलाई पुकारा गरी रहें जनम जनम
ध्यान बिना कोही व्यक्ति हुँदैन महान्
बुद्धको सन्देश बोकी हिंडीरहें म
कहाँ छौ तिमी बुद्ध ?
जानी नजानी पुकारा गरीरहें आज

Downloaded from http://www.dhamma.digital